आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम-२०७८

# कुमाख दर्पण



## कुमाख गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## (शिक्षा युवा तथा खेलकुद शाखा)
## रागेचौर, सल्यान

# कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (शिक्षा युवा तथा खेलकुद शाखा)
## रागेचौर, सल्यान

# प्राक्कथन

विद्यालय तहको शिक्षालाई बढी उद्देश्यमूलक, व्यावहारिक, समसामयिक एवम् सान्दर्भिक बनाउने अभिप्रायले पाठ्यक्रम परिमार्जनको कार्य प्रारम्भ गरिएको हो । यसै सन्दर्भमा शिक्षक, अभिभावक, विद्यार्थी तथा विज्ञहरूबाट प्राप्त राय सुझाव; ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिर्वतन र स्थानीय आवश्यकता तथा राष्ट्रिय आवश्यकता बिच  सन्तुलनको आवश्यकतालाई समेत दृष्टिगत गरी  स्थानिय आवश्यकता, स्थानिय बिषयवस्तु र स्थानिय विज्ञता प्रयोग गरी यो कुमाख गाउँपालिकाको स्थानिय पाठ्यक्रम निर्माण गरीएको हो। पाठ्यक्रम विकासको मुल दस्तावेजको रुपमा रहेको राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ ले अङ्गिकार गरेका मापदण्ड तथा सिद्धानतलाई दृष्टिगत गर्दै आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो ।  पाठ्यक्रममा समावेश गरिएका विभिन्न विषयलाई अन्तरसम्बन्धित गरी जीवनसापेक्ष बनाउने गरी सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्ने उद्देश्यले यो पाठ्यक्रम विषयगत ढाँचामा विकास गरिएको छ । विद्यार्थीका लागि आवश्यक हुने व्यवहारकुशल सिपहरूलाई आवश्यकतानुसार सबै विषयक्षेत्र र कक्षामा एकीकृत गरिएको छ । कक्षा१-८ मा समावेश गरिएको मातृभाषारस्थानीय विषयको पाठ्यक्रम छनोट तथा विकास गरी कार्यान्वयन गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुने कुरा उल्लेख गरे वमोजिम तयार गरीएको हो छ ।

यो पाठ्यक्रम तयार गर्ने क्रममा निवर्तमान गाउँपालिका अध्यक्ष श्री दिलमाया वुढा मगर गिरी तथा उपाध्यक्ष श्री डिल्लीराज जैसी को संरक्षकमा स्थानिय पाठ्यक्रम (कक्षा १-८) तयार पारीएको हो। पाठ्यक्रम निर्माण सल्लाहकार समितिमा जगत बहादुर घर्ति, लालचन्द रावत, प्रशान्त लामिछाने र देवेन्द्र रावत सहितको सदस्य हुनुहुन्थ्यो। आधारभूत तह १-५ को स्थानिय पाठ्यक्रम निर्माण कार्यदलमा प्रशान्त लामिछाने,अमर शाह, टेकमकुमारी शर्मा , खुमलाल राना, हिरालाल डाँगी, युवराज शर्मा, सुकदेव थापा, प्रकाश भण्डारी र हेमराज के.सी हुनुहुन्थ्यो । त्यसैगरी आधारभूत तह (कक्षा ६-८) को स्थानिय पाठ्यक्रम निर्माण कार्यदलमा  अमर शाह, प्रेमवहादुर बुढाथोकी, हेमराज के.सी., खुमलाल राना, हिरालाल डाँगी र सुकदेव थापा हुनुहुन्थ्यो । यो पाठ्यक्रम तयार पार्नमा सहयोग गर्नुहुने सम्पूर्ण संरक्षक, सल्लाहकार समिति, निर्माण समिति, शिक्षक विद्यार्थी, सरोकारवाला सम्पूर्णमा कुमाख गाउपालिका , गाउँकार्यपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा हार्दीक कृतज्ञता व्यक्त गर्दछ । यो पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गरिएको छ । विद्यालय शिक्षाको यो पाठ्यक्रम गतिशील दस्तावेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि यो शाखाले पाठ्यक्रम प्रयोगकर्तालगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ।

**कुमाख गाउपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**शिक्षा, युवा तथा खेलखुद शाखा**

## १. परिचय

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ अनुसार स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकता अनुसारका विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । पाठ्यक्रम निर्माण निर्देशिकाले स्थानीय आवश्यकता, विषय, क्षेत्र,विषयवस्तु,शैक्षिक सामग्री निर्माण गरी स्थानीय परिवेश अनुकूलको शिक्षा दिने कुरालाई स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणाको रूपमा स्वीकारेको देखिन्छ । यस पाठ्यक्रममा स्थानीय ज्ञान, सीप र प्रविधिहरूलाई समेट्ने प्रयास गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा उल्लेख भए अनुसार स्थानीय पाठ्यक्रमका रूपमा स्थानीय मातृभाषा/स्थानीय भाषा, संस्कृति तथा स्थानीय सीपहरूमध्येबाट विषयवस्तु समावेश गर्न सकिने छ । स्थानीय पाठ्यक्रमले समाजका आवश्यकताहरूलाई सम्बोधन गर्छ । सिकारूलाई सिक्नमा उत्प्रेरित गर्छ, त्यस्तै यसले परम्परा, मूल्य, मान्यताहरूको जर्गेना गर्छ । नयाँ सीप र प्रविधिलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारसम्म जोडन् सहयोग गर्छ र समुन्नत राष्ट्र निर्माणमा टेवा पुऱ्याउँछ।

विद्यालय शिक्षाको पाठ्यक्रम विशेष गरी प्राथमिक कक्षाहरूमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार एकीकृत सिद्धान्तका आधारमा विकसित गरिएको छ । विषयगत पृथक पहिचान भन्दा पनि समष्टिगत सिकाइ उपलब्धीको व्यवस्थापन गरी एकीकृत रूपमा पाठ्यक्रम विकास कार्यलाई प्राथमिकता दिनुपर्ने नीतिगत मार्गदर्शन प्रदान गरी सो अनुसार कक्षा १ को पाठ्यक्रम आगामी शैक्षिक सत्रदेखि लागु हुँदैछ । आधारभूत तह कक्षा ८ सम्मको पाठ्यक्रम संरचनामा समेटिएको मातृभाषा / स्थानीय विषयको पाठ्यक्रम पाठ्यपुस्तक एवम् पाठ्यसामग्री विकास सम्बन्धित स्थानीय सरकारले गर्ने कुरा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले स्पष्ट गरेको छ ।

## २) स्थानीय पाठ्यक्रम निर्माणका आधारहरू :-

कुमाख गाउँपालिकाभित्र रहेका विद्यालयहरूको माग आवश्यक सम्भावना उपलब्ध स्रोत साधन आदीलाई मध्यनजर गर्दै स्थानीय स्तरमा सञ्चालन गर्न सकिने हिसाबले यो पाठय्क्रम तयार गरिएको छ । यस पाठ्यक्रममा निम्नलिखित तीन पक्षहरूलाई मुख्य आधार मानिएको छ ।

क) स्थानीय आवश्यकता

ख) स्थानीय विषयवस्तु

ग) स्थानीय सहभागिता र विज्ञता

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गर्दा सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्दा निम्नानुसार विषयवस्तुलाई सम्बोधन गरिनुपर्ने कुरा उल्लेख गरिएको छ :

- ❖ स्थानीय आवश्यकताको पहिचान गरी स्थानीय तहमा नै पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने ।

❖ स्थानीय पाठ्यक्रमका विषयस्तुहरू परिमार्जन गर्ने, सुधार गर्ने र सिकाइ उपलब्धीको मापन गर्ने । कार्य स्थानीय तहबाट नै गरिने ।

❖ यस पाठ्यक्रममा स्थानीय आवश्यकता र बालकेन्द्रित विषयवस्तुहरू समावेश हुने ।

❖ स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने ।

❖ स्थानीय पाठ्यक्रमको स्वीकृती स्थानीय तहमा रहने पाठ्यक्रम सम्बद्ध संरचनाबाट हुने ।

**अन्य आधारहरू :**

❖ स्थानीय आवश्यकता र स्थानीय विषयवस्तुले स्थान पाउने ।

❖ स्थानीय पाठ्यक्रम स्थानीय तहबाटै वितरण हुने ।

❖ स्थानीय स्तरका भौतिक र मानवीय स्रोत साधन उपयोग हुने ।

❖ स्थानीय पाठ्यक्रमप्रति स्थानीय सरोकारवालाहरूको अपनत्व हुने ।

❖ समुदाय र विद्यालयको सम्बन्ध सुदृढ हुनुका साथै स्थानीय सामग्रीहरू उपयोग हुने ।

## ३) स्थानीय पाठ्यक्रमको औचित्य

कुमाख गाउँपालिकामा सञ्चालन गरिने यस स्थानीय पाठ्यक्रम निर्माण कार्यान्वयनको औचित्य देहाय बमोजिम उल्लेख गरिएको छ :-

❖ स्थानीय आवश्यकता र विषयवस्तु समेटी सिकाइलाई सरल,व्यवहारिक र प्रभावकारी बनाउन ।

❖ स्थानीय कला, संस्कृति, इतिहास,पर्यटकीय क्षेत्र, कृषि, पशुपालन, स्थानीय प्रविधि र विपद् सम्बन्धी जानकारी गराई त्यस अनुरूपको व्यवहार गर्न सक्ने तुल्याउन ।

❖ स्थानीय वस्तुस्थिति र विविधताको सम्बोधन गर्न ।

❖ सामाजिक रूपान्तरणमा कुमाख वासीहरूले खेलेको महत्वपूर्ण भूमिका,योगदानको सम्मान, उजागर, प्रचार , संरक्षण तथा सम्बर्धन गर्न ।

❖ परम्परागत पेशा व्यवसाय र प्रविधिको जर्गेना गर्न ।

❖ आयआर्जन र श्रमप्रति सम्मान गर्न ।

## ४) तहगत सक्षमता

आधारभूत तह कक्षा १-५ का लागि तयार गरिएको कुमाख गाउँपालिकाको स्थानीय पाठ्यक्रम २०७८ को सक्षमता देहाय बमोजिम हुन सक्नेछन :-

१) कुमाख गाउँपालिकाभित्र लगाइने मुख्य खाद्य बालीहरू, रैथाने बालीहरू, तरकारीहरूको परिचय,वर्गीकरण र महत्व ।

२) स्थानीय स्तरमा पालिएका पशु तथा पंक्षीहरूको परिचय,वर्गीकरण र महत्व ।

३) कम्पोष्ट मल र गोठे मलको सामान्य परिचय, प्रयोग, मल बनाउने सामग्रीको नाम, तरिका र यसका फाइदाहरू।

४) कुमाख गाउँपालिकाभित्र रहेका कला, संस्कृति, धर्म, चाडपर्व भेषभूषाको परिचय,महत्व र संरक्षण तथा सम्बर्धनका उपायहरू।

५) कुमाख गाउँपालिकाको संक्षिप्त इतिहास, भूगोल, राजनीति र शिक्षण संस्थाहरूको सामान्य परिचय, स्वरूप, सामाजिक रूपान्तरणका लागि भूमिका खेल्ने व्यक्तित्वको परिचय र योगदान।

६) शिष्टाचार, आदर, सत्कार,असल आचरण र दायित्व।

७) स्थानीय प्रविधिहरूको परिचय, प्रयोग, महत्व संरक्षण तथा सम्बर्धन ।

८) स्थानीय स्तरको प्रमुख पर्यटकीय स्थलहरूको परिचय, महत्व, संरक्षण तथा सम्बर्धन ।

९) स्थानीय स्तरमा घटेका प्राकृतिक तथा मानव सिर्जित विपद्हरूको परिचय र यसबाट वच्ने उपायहरू।

## ५) विषयवस्तुको छनोट

१. मुख्य खाद्य बाली, रैथाने बाली र तरकारी खेति

२) पशुपंक्षी पालन

३) प्राङ्गारिक मल

४) कुमाख गाउँपालिकाभित्र परम्परादेखि मनाउँदै आएका चाडपर्व, धर्म, संस्कृति, रितिरिवाज, नृत्य,
भेषभूषा र कला

५) कुमाख गाउँपालिकाको इतिहास, भूगोल, राजनीति र शिक्षण संस्थाहरू

६) सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार

७) गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिहरू

८) कुमाख गाउँपालिकाभित्र रहेका प्राकृतिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय स्थलहरू

९) प्राकृतिक तथा मानव सिर्जित विपद्हरू।

## ६) विषयवस्तुको क्षेत्र र क्रम (कक्षा १-३)

| क्षेत्र | विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| कृषि | क) मुख्य बाली | मुख्य बालीहरूको अवलोकन। | मुख्य बालीहरूको नाम। | मुख्य हिउँदे बाली र बर्षे बालीको नाम। |
| | ख) रैथाने बाली | रैथाने बालीहरूको अवलोकन। | रैथाने बालीहरूको नाम। | रैथाने हिउँदे बाली र बर्षे बालीको नाम। |
| | ग) तरकारी खेती | तरकारी खेतीको अवलोकन। | तरकारीहरूको नाम। | |
| पशुपंक्षी | पशुपंक्षी पालन | आफ्नो घर तथा छिमेकका पशुपंक्षीको अवलोकन। | आफ्नो घर तथा छिमेकमा रहेका पशु पंक्षीहरूको अवलोकन। | आफ्नो घर छिमेक, टोल तथा वडाभित्र पालिने पशुपंक्षीहरूको नाम बताउन र लेख्न। |
| प्राङ्गारिक मल | क) कम्पोष्ट मल<br>ख) गोठे मल | कम्पोष्ट मल र उक्त मल बनाउने स्थानको अवलोकन।<br>गोठे मल र उक्त मल बनाउने स्थानको अवलोकन। | कम्पोष्ट मल बनाउने स्थान र उक्त मल बनाउने सामग्रीहरूको पहिचान।<br>गोठे मल बनाउने स्थान र उक्त मल बनाउने सामग्रीहरूको अवलोकन। | कम्पोष्ट मल बनाउने क्रममा आवश्यक सामग्रीहरूको संङ्कलन।<br>गोठे मल बनाउने क्रममा आवश्यक सामग्रीहरूको संङ्कलन। |
| कला तथा संस्कृति | क) हाम्रा चाडपर्व, नृत्य तथा कला | परम्परादेखि मनाउँदै आएका चाडपर्व र नाचगानको अवलोकन।<br>बाँस, निगालो, काठबाट बनेका सामग्रीहरूको अवलोकन। | परम्परादेखि चलिआएको चाडपर्व नाचगानको सामान्य अभिनय।<br>बाँस, निगालो, काठबाट बनेका सामग्रीहरूको | परम्परागत देखि मनाउदै आएका चाडपर्व तथा धर्महरूको नाम पहिचान।<br>बाँस, निगालो र काठबाट बनेका सामग्रीहरूको नाम, पहिचान। |

| | | | | |
|---|---|---|---|---|
| | | | अवलोकन । | |
| इतिहास, भूगोल, राजनीति र शिक्षण संस्थाहरू | क) कुमाख गाउँपालिकाको इतिहास, भौगोलिक र राजनैतिक विभाजन,<br>ख) सामाजिक रूपान्तरणको लागि कुमाख बासीहरूको योगदान<br>ग) शिक्षण संस्था | म बसेको ठाउँ र मेरो गाउँपालिका ।<br>आफ्नो घर र टोल नजिकका समाज रूपान्तरणमा भूमिका खेल्ने व्यक्तिको चिनारी । मेरो विद्यालय । | मेरो टोल, गाउँ र गाउँपालिका ।<br>आफ्नो घर वा टोल नजिकका समाज रूपान्तरणमा भूमिका खेल्ने व्यक्तिको चिनारी । मेरो विद्यालय । | हाम्रो गाउँपालिको परिचय र भौगोलिक स्वरूप ।<br>आफ्नो वडाभित्र समाज रूपान्तरणमा भूमिका खेल्ने व्यक्ति तथा जनप्रतिनिधिहरूको नाम ।<br>नजिकका विद्यालयको नाम । |
| नैतिक शिक्षा | शिष्टाचार | सामान्य शिष्टाचार । | शिष्टाचार र असल आचारण । | आदर सत्कार । |
| स्थानीय प्रविधिहरू | स्थानीय प्रविधिहरूको परिचय | आफ्नो घर नजिकमा प्रयोग गरिने प्रविधिहरूको अवलोकन । | आफ्नो घर नजिकमा प्रयोग गरिने स्थानीय प्रविधिहरूको नाम । | आफ्नो घर नजिकमा प्रयोग गरिने स्थानीय प्रविधिहरूको सामान्य परिचय । |
| पर्यटन | प्रमुख पर्यटकीय स्थलहरू | आफ्नो घर, विद्यालय नजिकका पर्यटकीय स्थलहरूको अवलोकन । | आफ्नो घर, विद्यालय नजिकका पर्यटकीय स्थलहरूको अवलोकन र नाम । | आफ्नो घर विद्यालय तथा वडाभित्रका प्रमुख पर्यटकीय स्थलहरूको अवलोकन र सामान्य परिचय । |
| विपद् व्यवस्थापन | प्राकृतिक तथा मानव सिर्जित विपद् | आफ्नो घर, टोल, विद्यालय वरपर भएका विपद्हरूको अवलोकन । | आफ्नो घर, टोल, विद्यालय नजिक घटेका विपद्को सामान्य परिचय । | आफ्नो घर, टोल, विद्यालय वरपर भएका विपद्हरूको सामान्य परिचय । |

**विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ४-५)**

| क्षेत्र | विषयवस्तु | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| कृषि | क) मुख्य बाली | खाद्य बाली र नगदे बालीको नाम पहिचान।<br>हिउँदे र वर्षे तरकारीको नाम पहिचान। | खाद्य बाली र नगदे बाली बीच फरक।<br>हिउँदे र वर्षे तरकारीको महत्व। |
| | ख) रैथाने बाली | खाद्य बाली र नगदे बालीको नाम पहिचान। | खाद्य बाली र नगदे बाली बीच फरक। |
| | ग) तरकारी खेती | रैथाने खाद्य बाली र वागवानीको पहिचान। | रैथाने खाद्य बाली र वागवानीको महत्व। |
| पशुपंक्षी | पशुपंक्षी पालन | आफ्नो घर,छिमेक,टोल,वडा तथा गाउँपालिकाभित्र पालिने पशुपंक्षीको अवलोकन तथा वर्गीकरण। | आफ्नो घर, छिमेक, टोल,वडा तथा गाउँपालिका भित्र पालिने पुशुपंक्षीको महत्व। |
| प्राङ्गारिक मल | क) कम्पोष्ट मल<br>ख) गोठे मल | कम्पोष्ट मल बनाउने प्रक्रियामा सक्रिय सहभागिता।<br>गोठे मल निर्माण प्रक्रियामा सक्रिय सहभागिता। | कम्पोष्ट मल बनाउने तरिका, प्रयोग र यसका फाइदाहरू।<br>गोठे मल बनाउने तरिका, प्रयोग र यसका फाइदाहरू। |
| कला तथा संस्कृति | क) हाम्रा चाडपर्व, नृत्य तथा कला | परम्परागत नाचगानहरूको अभिनय, स्थानीय सामग्रीहरूको उपयोगिता तथा कुमाख गाउँपालिकाभित्र मनाउँदै आएका | परम्परागत नाचगानहरूको अभिनय, स्थानीय सामग्रीहरूको प्रयोग, संरक्षण तथा यहाँ मानिने धर्महरूको समान्य जानकारी। |

| | | | |
|---|---|---|---|
| | | धर्म र संकृतिको परिचय । | |
| इतिहास, भूगोल, राजनीति र शिक्षण संस्थाहरू | क) कुमाख गाउँपालिकाको इतिहास भौगोलिक र राजनैतिक विभाजन,<br>ख) सामाजिक रूपान्तरणको लागि कुमाख बासीहरूको योगदान<br>ग) शिक्षण संस्था | कुमाख गाउँपालिकाको इतिहास,वडा संख्याहरू, वडा जनप्रतिनिधिहरू<br>ख) समाज परिवर्तनमा महत्वपूर्ण योगदान दिने व्यक्तिहरूको नाम ।<br>ग) आफ्नो विद्यालयको समान्य चिनारी, र वडाभित्रका विद्यालयको संख्या र नाम । | कुमाख गाउँपालिकाको भौगोलिक अवस्थिति, क्षेत्रफल, वडा,गा.पा. विभाजनका आधार, प्रथम जननिर्वाचित अध्यक्ष र उपाध्यक्षको सामान्य जानकारी, समाज परिवर्तमा महत्वपूर्ण भूमिका खेल्ने व्यक्तिहरूको योगदान ।<br>आफ्नो विद्यालयको सामान्य चिनारी वडाभित्र रहेका विद्यालय संख्या र नाम, गा.पा. भित्रका विद्यालयहरूको संख्या । |
| नैतिक शिक्षा | शिष्टाचार | असल आचरण,सत्कार र दायित्व । | असल आचरण, आदर सत्कार अनुशासन तथा सकारात्मक सोच । |
| स्थानीय प्रविधिहरू | स्थानीय प्रविधिहरूको परिचय | आफ्नो घर, वडाभित्र प्रयोग गरिने स्थानीय प्रविधिहरूको सामान्य परिचय र प्रयोग । | आफ्नो गाउँपालिकाभित्र प्रयोग गरिने स्थानीय प्रविधिहरूको प्रयोग र संरक्षण । |
| पर्यटन | प्रमुख पर्यटकीय स्थलहरू | आफ्नो गाउँपालिकाभित्रका प्रमुख पर्यटकीय स्थलहरूको अवलोकन तथा सामान्य परिचय । | आफ्नो गाउँपालिकाभित्रका प्रमुख पर्यटकीय स्थलहरूको महत्व र संरक्षण । |
| विपद् व्यवस्थापन | प्राकृतिक तथा मानव सिर्जित विपद् | आफ्नो वडाभित्र घटेका प्राकृतिक तथा मानव सिर्जित विपद्हरूको अवलोकन तथा परिचय । | आफ्नो वडाभित्र घटेका प्राकृतिक तथा मानव सिर्जित विपद्हरूको अवलोकन तथा परिचय तथा यसबाट बच्ने उपायहरू । |

**७) विषयवस्तुको विस्तृतीकरण :-**

यस विषयमा कक्षागत रूपमा बालवालिकाहरूले गर्ने सिकाइ उपलब्धीलाई प्रस्तुत गरिएको छ । क्षेत्रगत विषयवस्तुको विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

कक्षा : १

| क्षेत्र | विषयवस्तु | सक्षमता | विषयवस्तुको विस्तृतीकरण | संभावित सिकाइ सहजीकरण क्रियाकलाप | संभावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|---|
| कृषि | क) मुख्य बाली<br>ख) रैथाने बाली | क) आफ्नो घर वरपर लगाएका मुख्य बालीको नाम पहिचान गर्न ।<br>ख) आफ्नो घर वरपर लगाइने रैथाने बालीको नाम पहिचान गर्न । | क) आफ्ना घर वरपर लगाएका मुख्य बालीहरू धान, गहुँ, मकै आदि ।<br>ख) आफ्ना घर वरपर लगाएका रैथाने बालीहरू जस्तै- कोदो, जौं, फापर, कागुनो, जुनेलो, लट्टे आदि । | क) आफ्नो घर वरपर लगाएका मुख्य बालीको स्थलगत अवलोकन गराउने, उक्त बालीहरू कक्षा कोठामा ल्याएर प्रर्दशन गर्ने । विद्यार्थीहरूलाई बालीको नाम बताउन लगाउने । यदि विद्यार्थीहरूले नाम बताउन नसकेको खण्डमा शिक्षकले आवश्यक सहजीकरण गरी दिने ।<br>ख) विद्यार्थीहरूलाई आफ्नो घर वरपर लगाएका रैथाने बालीहरूको स्थलगत अवलोकन गराउने । रैथाने बालीहरूको नमूना ल्याएर कक्षाकोठामा प्रदर्शन गर्न | क) तपाईको घर वरपर लगाइने कुनै दुई वटा मुख्य बालीको नाम बताउनुहोस् ।<br>ख) तपाईको घर आसपासमा उत्पादन हुने कुनै तीन वटा रैथाने बालीको नाम बताउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लगाउने । विद्यार्थीहरूलाई रैथाने बालीको नाम बताउन लगाउने । यदि विद्यार्थीहरूले रैथाने बालीको नाम बताउन नसकेको अवस्थामा शिक्षक स्वयम्ले आवश्यक सहजीकरण गरी दिने । | |
| | ग) तरकारी खेति | आफ्ना घर वरपर लगाइने तरकारी बालीहरूको पहिचान गर्न । | आफ्ना घर, छिमेक वरपर लगाइने तरकारीहरू जस्तैः मूला, काउली,साग,सिमी, बोडी ............आदी । | आफ्नो घर वरपर लगाइएका र फलेका तरकारीका नमूना ल्याई कक्षाकोठामा प्रस्तुत गर्ने । तरकारी प्रदर्शन गरी नाम बताउन प्रोत्साहन गर्ने । विद्यार्थीहरूले बताउन नसकेको अवस्थामा शिक्षकले सहजीकरण गरिदिने । | तरकारीको चित्र र नामको बीच जोडा मिलाऊ । |
| पशुपंक्षी | पशुपंक्षी पालन | आफ्नो घर वरपर पाइने पशुपंक्षीको अवलोकन गर्न । | पशुहरू जस्तैःगाई,भैंसी,भेडा बाख्रा,कुकुर बङ्गुर,सुँगुर..आदी ।<br>पंक्षीहरू जस्तै : कुखुरा, हाँस, परेवा .......आदी । | घर वरपर पालिएका पशुहरूको अवलोकन गराउने । घर वरपर भएका पंक्षीहरूको अवलोकन गराउने । शिक्षकले आवश्यकता अनुसार सहजीकरण गरिदिने । कक्षाकोठामा चित्रहरू प्रर्दशन गर्ने । | पशुपंक्षीहरूको चित्र हेरी नाम भन । चित्र र नाम बीचमा जोडा मिलाऊ । |

| | | | | | |
|---|---|---|---|---|---|
| प्राङ्गारिक मल | क) कम्पोष्ट मल | कुहिने वस्तुबाट तयार भएको कम्पोष्ट मलको पहिचान गर्न । | घर,छिमेक वा विद्यालयको हाताभित्र कुहिने वस्तुबाट तयार गरिएको कम्पोष्ट मल( घाँस,पराल,स्याउला, झारपात,तरकारीको बोक्रा, फलफूलको बोक्रा.....आदी । | घर,छिमेक वा विद्यालयको हाताभित्र रहेका कुहिने वस्तुहरू छुट्याउन लगाउने । घर वा विद्यालयमा तयार गरिएको कम्पोष्ट मलको स्थलगत अवलोकन गराउने । | कुहिने वस्तुहरू के हुन ? भन । कम्पोष्ट मल बनाउन प्रयोग गरिने हुने सामग्रीहरू के-के हुन् ? |
| | ख) गोठे मल | गाई,बाख्रा, भैँसी , भेडाको मलमुत्र कुहिने वस्तुबाट बनाइएको गोठे मलको पहिचान गर्न । | गाई, भैँसीको मलमुत्र कुहिने वस्तुबाट घर छिमेकमा तयार गरिएको गोठे मल। | गाई,बाख्रा,भैँसी,भेडाको मलमुत्र र कुहिने वस्तुबाट तयार गरिएको गोठे मलको स्थलगत अवलोकन गर्न लगाउने । शिक्षकले आवश्यकता अनुसार सहजीकरण गरिदिने । | घर,छिमेकमा गाई, भैँसी, भेडा, बाख्राक मलमुत्र र कुहिने वस्तुबाट तयार भएको गोठे मल देखेका छौ ? |
| कला तथा संस्कृति | क) हाम्रा चाडपर्व, नृत्य तथा कला | परम्परादेखि मनाउँदै आएका चाडपर्व, नाचगान,तथा बाँस, निगालो र काठबाट बनेका सामग्रीहरूको अवलोकन गर्न । | कुमाखमा परम्परादेखि मनाउँदै आएका चाडपर्व जस्तै : दशैँ , तिहार,तीज, चैते दशैँ,असारे सक्रान्ति, कृष्ण जन्माष्टमी, शिवरात्री, राम नवमी आदी । नाचहरू जस्तै : लहरे,पैसेरी,मयूर नाच,सिङ्गारू, टप्पा, झ्याउरे । कुमाख गाउँपालिकाकाभित्रका प्रसिद्ध मेला, कुमाख मेला,बारूले मेला, मर्मकोट मेला, कालागाउँ | आफ्नो गाउँ,घर वरपर मनाउँदै आएका चाडपर्व अवलोकन गराउने । चाडपर्वको अवसरमा नाचिने नाचहरू तथा मेला जात्रा आदीमा नाचिने नृत्यहरू अवलोकन गर्न लगाउने । उक्त नृत्यमा प्रयोग गरिने भेषभूषा अवलोकन तथा उक्त नृत्यका भिडियोहरू विद्यालयमा ल्याई प्रर्दशन गर्न | तिमीले हेरेका नृत्यहरूको भन । झ्याउरे नाचको नक्कल गर । बाँस, निगालो र काठबाट बनेका सामग्रीहरूको नाम भन । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कोट मेला,मालिका मेला, बडागाउँ कोट मेला, थदरा शिवरात्री मेला, चमेरे गुफा, सहिद स्मारक । बाँस, निगालो र काठबाट बनेका सामग्री जस्तैः डोको, डालो,मान्द्रो आदी । | लगाउने । बाँस, निगालो र काठबाट बनेका सामग्रीहरूको अवलोकन गर्न लगाउने । | |
| इतिहास, भूगोल, राजनीति र शिक्षण संस्थाहरू | क) कुमाख गाउँपालिकाको इतिहास भौगोलिक र राजनैतिक विभाजन | आफू बसेको ठाउँ र आफ्नो गाउँपालिकाको नाम बताउन । | आफू बसेको ठाउँको नाम र गाउँपालिकाको नाम (कुमाख गाउँपालिका)। | बालवालिकालाई आफू बसेको ठाउँको नाम सोध्ने । गाउँपालिकाको नाम बताइदिने र विद्यार्थीलाई कुमाख गाउँपालिकाको नाम बताउन प्रोत्साहन गर्ने र शिक्षकले सहजीकरण गर्ने । | तिम्रो गाउँको नाम के हो ? तिम्रो साथीको गाउँको नाम भन ? तिम्रो गाउँपालिकाको नाम भन ? |
| | ख) सामाजिक रूपान्तरणको लागि कुमाख बासीहरूको योगदान | आफ्नो घर वा टोल नजिकका समाज रूपान्तरणमा भूमिका खेल्ने व्यक्तिहरूको सामान्य परिचय दिन । | आफ्नो घर वा टोल नजिकका समाज रूपान्तरणमा भूमिका खेलेका व्यक्तिहरू जस्तै : सहिद, उल्लेख्य कार्य गरेका व्यक्तित्वहरू । | बालवालिकालाई घर,टोल वा विद्यालय नजिक भएका विकास निर्माणका कार्यको अवलोकन गराउने । समाज परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्ने व्यक्तिहरूको नाम बताउने । चित्रहरू प्रर्दशन गर्ने । | तिम्रो गाउँ टोलका सहिदको नाम भन ? तिम्रो गाउँमा असल काम गर्ने व्यक्तिको नाम भन ? |
| | ग) शिक्षण संस्था | आफ्नो विद्यालयको नाम बताउन । | आफ्नो विद्यालयको नाम । | बालवालीकालाई आफ्नो विद्यालयको नाम शिक्षकले | तिम्रो विद्यालयको नाम भन ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बताइ दिने र विद्यार्थीलाई बताउन लगाउने । | |
| नैतिक शिक्षा | शिष्टाचार | सामान्य शिष्टाचार गर्न । | गुरू तथा मान्यजनहरूलाई अभिवादन जस्तैः नमस्कार, ढोग ..........आदी । | गुरु तथा मान्यजनलाई अभिवादन गर्न अभ्यास गराउने । विद्यार्थीहरूका बीच समूहमा अभिवादनका विभिन्न अभिनय गराउने । | नमस्कार कसलाई गरिन्छ ? भन । गरू तथा आमा बुवालाई कसरी अभिवादन गर्छौं ? |
| स्थानीय प्रविधिहरू | स्थानीय प्रविधिहरूको परिचय | स्थानीय प्रविधिहरूको अवलोकन गर्न । | आफ्नो घर वरपर रहेका स्थानीय प्रविधिहरू जस्तै :ढिकी, जाँतो,कोल, पानी घट्ट, गाउँघरमा दहीबाट मोही बनाउने विधि जसमा ठेकी, मदानी । | आफ्नो घर वरपर रहेका स्थानीय प्रविधिहरू जस्तैः ढिकी, जाँतो, कोल, पानी घट्टको अवलोकन गराउने र त्यहाँ के काम भएको छ ? भनी सोध्ने । नजिकमा प्रयोग गरिने स्थानीय प्रविधिहरूको सामान्य परिचय बताई दिने । | तिमीले ढिकी,जाँतो देखेका छौं ? घट्टले के काम गर्छ ? |
| पर्यटन | प्रमुख पर्यटकीय स्थलहरू | आफ्नो घर वरपर रहेका पर्यटकीय स्थलहरूको अवलोकन गर्न । | आफ्नो घर वरपरका पर्यटकीय स्थलहरू जस्तैः मठ,मन्दिर, गुफा, चर्च,मेलापर्व, सहिद पार्क ...........आदी । | आफ्नो घर वरपर रहेका प्रमुख पर्यटकीय स्थलहरूको स्थलगत अवलोकन गराउने । | तिमीले मन्दिर देखेका छौ ? तिम्रो नजिक सहिद पार्क छ कि छैन् ? |
| विपद् व्यवस्थापन | प्राकृतिक तथा मानव सिर्जित विपद् | आफ्नो घर, टोल विद्यालय वरपरका विपद्हरूको अवलोकन गर्न । | प्राकृतिक विपद् जस्तैः बाढी, पहिरो, चट्याङ् भूकम्बाट उत्पन्न समस्या वा विपद्पूर्ण अवस्था, मानव सिर्जित विपद् | आफ्नो घर,टोल र विद्यालय नजिक प्राकृतिक प्रकोपले गर्दा उत्पन्न भएका विपद्हरूको स्थलगत अवलोकन गराउने | तिमीले पहिरो गएको देखेका छौं ? पहिरो गएको ठाउँमा के-के क्षति भएको थियो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जस्तै : आगलागी, प्राकृतिक साधनको अत्यधिक दोहन बालुवा गिट्ठी जथाभावी निकाल्ने कार्यबाट उत्पन्न विपद् । मानवीय क्रियाकलापबाट सिर्जना हुने विपद् आदी । | ।त्यहाँ कुन-कुन क्षति भइरहेको छ ? भनेर अवलोकन गराउने । शिक्षकले आवश्यक सहजीकरण गर्ने । | भन ? |

यस विषयमा कक्षागत रूपमा बालवालिकाहरूले गर्ने सिकाइ उपलब्धीलाई प्रस्तुत गरिएको छ । क्षेत्रगत विषयवस्तुको विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**कक्षा :२**

| क्षेत्र | विषयवस्तु | सक्षमता | विषयवस्तुको विस्तृतीकरण | संभावित सिकाइ सहजीकरण क्रियाकलाप | संभावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|---|
| कृषि | क) मुख्य बाली<br>ख) रैथाने बाली | क) आफ्नो घर वरपर लगाएका मुख्य बालीको नाम बताउन ।<br>ख) आफ्नो घर वरपर लगाइने रैथाने बालीको नाम बताउन । | क) आफ्ना घर वरपर लगाएका मुख्य बालीहरू धान, गहुँ, मकै आदि ।<br>ख) आफ्ना घर वरपर लगाएका रैथाने बालीहरू जस्तै- कोदो, जौँ, फापर, कागुनो, जुनेलो, लट्टे आदि । | क) आफ्नो घर वरपर लगाएका मुख्य बालीको स्थलगत अवलोकन गराउने अथवा विद्यालयका आसपासमा लगाएका मुख्य बालीहरुको नाम बताउन लगाउने । विद्यार्थीले मुख्य बालीको नाम बताउन नसकेको खण्डमा शिक्षकले आवश्यक सहजीकरण गरी दिने ।<br>ख) आफ्नो घर वरपर लगाइने रैथाने बालीहरूको स्थलगत अवलोकन गराउने । विद्यालयका आसपास छर छिमेकमा लगाइएका बालीका नमूना ल्याएर कक्षा कोठामा प्रदर्शन गर्ने । विद्यार्थीहरूलाई रैथाने बालीहरूको नाम | क) कुनै दुई वटा मुख्य बालीको नाम लेख्नुहोस् ।<br>ख) कुनै दुई वटा रैथाने बालीका नाम लेख्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बताउन लगाउने । मुख्य बाली र रैथाने बाली बीच फरक छुट्याउन लगाउने । विद्यार्थीले रैथाने बालीको नाम बताउन नसकेको खण्डमा शिक्षकले आवश्यक सहजीकरण गरी दिने । | |
| | ग) तरकारी खेति | आफ्ना घर वरपर लगाइने तरकारी बालीहरूको नाम बताउन । | आफ्ना घर वरिपरी पाइने तरकारीहरू जस्तैः मूला, काउली, बन्दागोपी, साग सिमी,प्याज, आलु, लसुन …………आदी । | आफ्नो घर वरपर लगाइने तरकारीहरूको स्थलगत अवलोकन गराउने । उक्त तरकारीहरू नमूनाको रूपमा कक्षाकोठामा प्रस्तुत गर्ने साथै ती तरकारीहरूको नाम बताउन लगाउने । | तरकारीको चित्र र नाम बीच जोडा मिलाऊ ।<br>तरकारीको चित्र र खाने भागहरूका नाम बीच जोडा मिलाऊ । |
| पशुपंक्षी | पशुपंक्षी पालन | आफ्नो घर वरपर र छिमेकमा भएका पशुपंक्षीकोहरूको अवलोकन गरी नाम बताउन । | पशुहरू जस्तै : गाई, भैँसी, भेडा,बाख्रा, कुकुर बङ्गुर,सुँगुर…….आदी ।<br>पंक्षीहरू जस्तैःकुखुरा, हाँस, परेवा …….आदी । | आफ्नो घर वरपर पाइने पशुहरूको अवलोकन गर्न लगाउने र उक्त पंक्षीहरूको नाम बताउन लगाउने । शिक्षकले कक्षाकोठामा पंक्षीहरूको नमूना चित्रहरू प्रर्दशन गर्ने । | घरमा पालिने पंक्षिहरूको नाम बताऊ ।<br>घर वरपर भएका पंक्षीहरूको नाम भन्न । |
| प्राङ्गारिक मल | क) कम्पोष्ट मल | कुहिने मल बनाउने सामग्री पहिचान गर्न । | घर,छिमेक र विद्यालयको हाताभित्र रहेको कम्पोष्ट मलको खाडल र कम्पोष्ट मल बनाउन आवश्यक पर्ने सामग्रीहरू जस्तै :कुहिने वस्तुहरू,हरियो घाँसपात, स्याउला | घर,छिमेक र विद्यालयको हाताभित्र रहेको कम्पोष्ट मलको खाडल अवलोकन गराउने र उक्त मल बनाउन आवश्यक पर्ने सामग्रीहरू पर्दशन गर्ने । | कम्पोष्ट मल बनाउन प्रयोग गरिने सामग्रीहरूको सूची बनाऊ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ...आदी । | | |
| | ख) गोठे मल | गोठे मल र उक्त मल बनाउने सामग्रीको पहिचान गर्ने । | घर वा छिमेकमा गोठे मल बनाउने स्थानको स्थलगत अवलोकन गर्न लगाउने उक्त गोठे मल बनाउन आवश्यक पर्ने सामग्रीहरू जस्तै : कुहिने वस्तुहरू,हरियो घाँसपात, स्याउला<br>आदी । | आफ्नो घर,छिमेकमा गोठे मल बनाउने स्थानको स्थलगत अवलोकन गर्न लगाउने । शिक्षकले विद्यार्थीलाई आवश्यक सहजीकरण गरिदिने । | गोठे मल बनाउन प्रयोग गरिने सामग्रीहरूको सूची बनाऊ । |
| कला तथा संस्कृति | क) हाम्रा चाडपर्व, नृत्य तथा कला | परम्परादेखि चलि आएका नाचगान,बाँस, निगालो, र काठबाट बनेका सामग्रीहरूको अवलोकन गर्न । | कुमाखमा परम्परादेखि मनाउँदै आएका चाडपर्व जस्तै : दशैं , तिहार,तीज, चैते दशैं,असारे सक्रान्ति, होली कृष्ण जन्माष्टमी, शिवरात्री, राम नवमी आदी । नाचहरू जस्तै : लहरे,पैसेरी, मयूर नाच, सिङ्गारू, | आफ्नो घर वरपर मनाउँदै आएका चाडपर्व अवलोकन गराउने । आफ्नो घर वरपर मान्ने चाडपर्व मेला आदीको भिडियोहरू प्रदर्शन गर्ने साथै नक्कल गर्न लगाउने । | तिमीले हेरेका नृत्यहरू के के हुन् ? झ्याउरे नाचको नक्कल गर ।<br>बाँस, निगालो र काठबाट बनेका सामग्रीहरूको नाम के के हुन ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | टप्पा, झ्याउरे । कुमाख गाउँपालिकाका प्रसिद्ध मेलाः कुमाख मेला,बारूले मेला, मर्मकोट मेला, कालागाउँ कोट मेला,मालिका मेला, बडागाउँ कोट मेला, थदरा शिवरात्री मेला, चमेरे गुफा, सहिद स्मारक । कला सामग्री, डोको, डालो मान्द्रो,नाङ्लो, ठेकी, खुर्पेटो आदी । बाँस, निगालो काठबाट बनेका सामग्रीहरू । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| इतिहास, भूगोल, राजनीति र शिक्षण संस्थाहरू | क) कुमाख गाउँपालिकाको इतिहास भौगोलिक र राजनैतिक विभाजन | आफ्नो टोल,गाउँ र गाउँपालिकाको नाम बताउन । | आफू बसेको टोलको नाम,गाउँको नाम र गाउँपालिकाको नाम । | आफू बसेको टोल,गाउँ र गाउँपालिकाको नाम बताई दिने र विद्यार्थीलाई पनि भन्न प्रोत्साहित गर्ने । | तिम्रो गाउँको नाम के हो ?<br>तिम्रो साथीको गाउँको नाम भन ?<br>तिम्रो गाउँपालिकाको नाम भन ? |
| | ख) सामाजिक रूपान्तरणको लागि कुमाख बासीहरूको योगदान | आफ्नो घर,टोल नजिकमा समाज रूपान्तरणका लागि महत्वपूर्ण भूमिका खेल्ने व्यक्तिको सामान्य परिचय दिन । | आफ्नो घर वा टोल नजिकका समाज रूपान्तरणमा भूमिका खेलेका व्यक्तिहरू जस्तै : सहिद, उल्लेख्य कार्य गरेका व्यक्तित्वहरू । | आफू बसेको घर, टोल नजिकमा समाज रूपान्तरणका लागि महत्वपूर्ण भूमिका खेल्ने व्यक्तिहरू जस्तैः सहिदहरू, वडा प्रतिनिधि...आदी । | तिमीले सहिदको नाम जानेका छौ ?<br>तिम्रो वडा जनप्रतिनिधिको नाम के हो ? |
| | ग) शिक्षण संस्था | विद्यालयको सामान्य परिचय दिन । | आफ्नो विद्यालयको नाम,जम्मा शिक्षक संख्या, शिक्षकको नाम आदी । | शिक्षकले विद्यालयको सामान्य जानकारी गराई दिने । शिक्षकहरूको नाम,संख्या,जम्मा कक्षाकोठा बताइ दिने । शिक्षकले आवश्यक सहजीकरण गरिदिने । | तिम्रो विद्यालयको नाम भन ?<br>तिम्रो विद्यालयमा कति जना शिक्षकहरू हुनुहुन्छ ?<br>तिम्रो विद्यालयको प्रधानाध्यापकको नाम के हो ? । |
| नैतिक | शिष्टाचार | सामान्य शिष्टाचार | शिष्टाचार जस्तैः | विद्यार्थीहरूलाई ५/६ जनाको समूह विभाजन | आफूभन्दा ठूलालाई |

| | | | | | |
|---|---|---|---|---|---|
| शिक्षा | | गर्न ।<br>.असल आचरणको विकास गर्न । | नमस्कार, प्रणाम , ढोग, दर्शन आफ्नो संस्कार अनुसार । असल आचारण मिठो बोल्ने आफूभन्दा सानालाई माया र ठूलालाई आदर सत्कार गर्ने, अनुशासनमा रहने । | गरी आमा बुवा, दाजुभाई, दिदी, बहिनी र अन्य नातागोता, बानी व्यवहार प्रर्दशन गर्न लगाउने । शिष्टाचार प्रयोग गरी अभिवादन गर्ने अभ्यास गराउने । शिक्षककले उक्त कार्यमा सहजीकरण गर्ने । | कसरी सम्मान गर्नुपर्छ ?<br>तिमी आफूभन्दा सानालाई के गर्छौं ? |
| स्थानीय प्रविधिहरू | स्थानीय प्रविधिहरूको परिचय | आफ्नो घर,छिमेक नजिक रहेका स्थानीय प्रविधिहरूको नाम बताउन । | स्थानीय प्रविधिहरू जस्तै :ढिकी, जाँतो,कोल, पानी घट्ट, गाउँघरमा दहीबाट मोही बनाउने विधि । | आफ्नो घर वरपर रहेका स्थानीय प्रविधिहरू जस्तैः ढिकी, जाँतो, कोल,र पानी घट्ट भएको ठाउँमा गएर अवलोकन गराउने । त्यसैगरी गाउँघरमा दहीबाट मोही बनाउने विधिको अवलोकन गराउने । ती प्रविधिहरूको नाम बताउन लगाउने । | तिमीले देखेका कुनै २ वटा प्रविधिहरूको नाम भन ।<br>जाँतोको काम के हो ? |
| पर्यटन | प्रमुख पर्यटकीय स्थलहरू | आफ्नो घर तथा विद्यालय नजिकका पर्यटकीय स्थलहरूको अवलोकन गरी नाम बताउन । | आफ्नो घर,वरपरका पर्यटकीय स्थलहरू जस्तैः मठ,मन्दिर, गुफा, चर्च,मेलापर्व, सहिद पार्क लेक..........आदी । | आफ्नो घर तथा विद्यालय वरपर रहेका पर्यटकीय स्थलहरूको स्थलगत अवलोकन गराउने र नामहरू बताउन लगाउने । वनभोजका लागि नजिकका र रमणीय स्थल वन, झर्ना, सिमसार क्षेत्रहरू, चुचुराहरूको अवलोकन गर्न लगाउने । ठाउँहरूको नाम भन्न र लेख्न लगाउने । | तिम्रो नजिकमा रहेका मन्दिरको नाम भन ।<br>तिमी वन भोज खाना गएको ठाउँको नाम भन ।<br>तिम्रो नजिकको सामुदायिक वनको नाम लेख । |
| विपद् व्यवस्थापन | प्राकृतिक तथा मानव सिर्जित | आफ्नो घर, टोल विद्यालय नजिक | प्राकृतिक विपद् जस्तैः बाढी, पहिरो, चट्याङ् | आफ्नो घर,टोल र विद्यालय नजिकमा प्राकृतिक प्रकोपले गर्दा उत्पन्न भएका विपद्हरूको | तिम्रो नजिकमा घटेका कुनै ३ वटा विपद्को |

| | | | | | |
|---|---|---|---|---|---|
| | विपद् | रहेका विपद्को अवलोकन गरी नाम लेख्न । | भूकम्पबाट उत्पन्न समस्या वा विपद्पूर्ण अवस्था, मानव सिर्जित विपद् जस्तै : आगलागी, प्राकृतिक साधनको अत्यधिक दोहन,बालुवा गिट्‌ठी जथाभावी निकाल्ने कार्यबाट उत्पन्न विपद् । मानवीय क्रियाकलापबाट सिर्जना हुने विपद् आदी। | स्थलगत अवलोकन गराउने । त्यहाँ कुन कुन क्षति भइरहेको छ ?भनेर अवलोकन गराउने । शिक्षकले आवश्यकता अनुसार सहजीकरण गर्ने । | नाम भन। |

यस विषयमा कक्षागत रूपमा बालवालिकाहरूले गर्ने सिकाइ उपलब्धीलाई प्रस्तुत गरिएको छ । क्षेत्रगत विषयवस्तुको विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

कक्षा : ३

| क्षेत्र | विषयवस्तु | सक्षमता | विषयवस्तुको विस्तृतीकरण | संभावित सिकाइ सहजीकरण क्रियाकलाप | संभावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|---|
| कृषि | क) मुख्य बाली<br>ख) रैथाने बाली | क) हिउँदे र वर्षे मुख्य बालीको नाम बताउन ।<br>ख) हिउँदे र वर्षे रैथाने बालीको | क) हिउँदे मुख्य बालीः-गहुँ । वर्षे बालीहरू जस्तैः- धान, मकै आदि ।<br>ख) हिउँदे रैथाने बाली जस्तै-जौं र वर्षे रैथाने बालीहरू, फापर, | क) आफ्नो घर वरपर लगाइने हिउँदे र वर्षे मुख्य बालीहरूको सूची बनाउन लगाउने । कक्षा कोठामा हिउँदे र वर्षे मुख्य | क) हिउँदे र वर्षे मुख्य बालीहरूको नाम लेख्नुहोस् ।<br>ख) हिउँदे र वर्षे समयमा लगाइने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नाम बताउन । | कोदो कागुनो, जुनेलो, लट्टे आदि । | बालीहरूको नमूना प्रदर्शन गर्न लगाउने । विद्यार्थीहरूलाई आवश्यक परेको खण्डमा शिक्षकले सहजीकरण गरी दिने ।<br>ख) आफ्नो घर वरपर लगाइने हिउँदे र वर्षे रैथाने बालीको सूचीकरण गर्न लगाउने । हिउँदे र वर्षे रैथाने बालीका नमूनाहरू कक्षा कोठामा प्रदर्शन गर्न लगाउने । उक्त कार्यका लागि आवश्यकता अनुसार शिक्षकले सहजीकरण गर्ने । | रैथाने बालीहरूको नाम लेख्नुहोस् । |
| | ग) तरकारी खेति | हिउँदे र वर्षे तरकारीको नाम बताउन । | हिउँदे तरकारीहरू जस्तै : आलु, काउली,वन्दागोपी, रायो, टमाटर आदी । वर्षे तरकारीहरू जस्तै : सिमी, बोडी, फर्सी, करेला, लौका, काँको आदी । | आफ्नो घर वरपर लगाइने हिउँदे र वर्षे तरकारीहरूको नाम सूचीकरण गर्न लगाउने । हिउँदे र वर्षे तरकारीको नमूना प्रर्दशन गर्ने । शिक्षकले आवश्यकता अनुसार सहजीकरण गर्ने । | हिउदे र वर्षे तरकारीको नाम भन । |
| पशुपंक्षी | पशुपंक्षी पालन | आफ्नो घर,टोल तथा वडाभित्र | आफ्नो घर र वडाभित्र पालिने पशुहरू जस्तै : | आफ्नो घर र वडाभित्र पालिने पशुपंक्षीहरूको चित्र | पशुपंक्षीहरूको चित्र र नाम बीच |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पालिने पशुपंक्षीकोहरू नाम बताउन । | गाई,भैँसी,भेडा,बाख्रा,कुकुर,विरालो बङ्गुर,सुँगुर......आदी । पंक्षीहरू जस्तै : कुखुरा, हाँस, परेवा .......आदी । | प्रर्दशन गर्दै नाम बताउन लगाउने । उक्त पशुपंक्षीको चित्र प्रर्दशन गरी नाम लेख्न लगाउने । | जोडा मिलाऊ । पशु र पंक्षीको सूची बनाऊ । |
| प्राङ्गारिक मल | क) कम्पोष्ट मल | कम्पोष्ट मल बनाउन आवश्यक पर्ने सामग्री सङ्कलन गर्न । | आफ्नो गाउँ,घर र विद्यालयको हाताभित्र पाइने कम्पोष्ट मल बनाउन आवश्यक पर्ने सामग्री जस्तै : घाँसपात ,कागज, फलफूलका बोका , खाने कुराका बाँकी रहेका भाग आदी । | गाउँ,घर वा र विद्यालयको हाताभित्र कम्पोष्ट मल बनाउनका लागि चाहिने आवश्यक सामग्रीहरू संङ्कलन गर्न लगाउने । कम्पोष्ट मल बनाउने क्रममा प्रत्यक्ष रूपमा सहभागी गराउने । | कम्पोष्ट मल बनाउन के कस्ता सामग्रीहरू चाहिन्छन् ? भन । |
| | ख) गोठे मल | गोठे मल बनाउन आवश्यक पर्ने सामग्री सङ्कलन गर्न । | घर, छिमेक वा गाउँमा गोठे मल बनाउन आवश्यक पर्ने सामग्री जस्तै : गाई, भैँसी,भेडा,बाख्राको मलमूत्र,घाँस, स्याउला , झारपात आदी । | गाउँघर वा छिमेकमा गोठे मल बनाउन चाहिने आवश्यक सामग्री पहिचान गरी संङ्कलन गर्न लगाउने । गोठे मल बनाउने कार्यमा प्रत्यक्ष रूपमा सक्रिय सहभागी गराउने । | गोठे मल बनाउन चाहिने सामग्रीहरू के के हुन् ? |
| कला तथा संस्कृति | क) हाम्रा चाडपर्व, नृत्य तथा कला | परम्परादेखि चलि आएका नाचगान,धर्महरूको | चाडपर्व जस्तै : दशैँ , तिहार,तीज, चैते दशैँ,असारे सक्रान्ति, होली,श्रीकृष्ण | आफ्नो घर वरपर समुदाय वडाभित्र मानिदैँ आएका चाडपर्व,मेला पर्वमा, नाचिने | तिम्रो समुदायमा मनाइने चाडपर्वको नाम भन्न । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पहिचान । बाँस,निकालो र काठबाट बनेका सामग्रीहरूको नाम बताउन । | जन्माष्टमी, शिवरात्री, राम नवमी आदी । नाचहरू जस्तै : लहरे,पैसेरी,मयूर नाच,सिङ्गारू, टप्पा, झ्याउरे । कुमाख गाउँपालिकाका प्रसिद्ध मेला, कुमाख मेला,बारूले मेला, मर्मकोट मेला, कालागाउँ कोट मेला,मालिका मेला, बडागाउँ कोट मेला, थदरा शिवरात्री मेला, चमेरे गुफा, सहिद स्मारक । कला सामग्री, डोको, डालो मान्द्रो,नाङ्लो,ठेकी, खुर्पेटो आदी । बाँस, निगालो र काठबाट बनेका सामग्रीहरू । धर्म जस्तै : हिन्दू ,ईशाइ र सच्चाई । | नृत्यहरू अवलोकन गराउने उक्त नृत्यहरूको अभिनय गर्न प्रोत्साहन गर्ने । बाँस, निगालो र काठबाट बनेका सामग्रीहरूको अवलोकन गराउने साथै शिक्षकले आवश्यकता अनुसार सहजीकरण गरिदिने । | बाँस निगालो र काठबाट बनेका सामग्रीहरूको नाम भन्न । |
| इतिहास, भूगोल, राजनीति र शिक्षण संस्थाहरू | क) कुमाख गाउँपालिकाको इतिहास भौगोलिक र राजनैतिक विभाजन, | आफ्नो गाउँपालिकाको नाम र भौगोलिक स्वरूप बताउन । | कुमाख गाउँपालिकाको नाम, वडा संख्या, होचा र अग्ला भू-भागहरू, खोला नालाहरू जस्तै : कुमाख गाउँपालिकाभित्रका जम्मा वडा संख्या ,कुमाख लेक र सबैभन्दा होचो भू-भाग स्वीकोट भितिवन ज्यूला, टाट्केको नदी किनाराका भागहरू । | आफ्नो गाउँपालिकाभित्र रहेका वडाको सामान्य परिचय गराउने र कुमाख गाउँपालिकाभित्र रहेका होचा,अग्ला भू-भागहरूको अवलोकन गराउने । अथवा उक्त भू-भागहरू झल्कने चित्र प्रदर्शन गर्ने । शिक्षकले आवश्यकता | तिम्रो गाउँपालिकामा कति वटा वडा छन् ? तिम्रो घर कति नम्बर वडामा पर्दछ ? कुमाख गाउँपालिकाको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अनुसार सहजीकरण गरिदिने । | अग्लो लेक कुन हो? कुमाख गाउँपालिकाको होचो भू-भाग कुन हो ? |
| | ख) सामाजिक रूपान्तरणका लागि कुमाख बासीहरूको योगदान | आफ्नो वडाभित्र समाज रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्तिहरूको नाम बताउन। | आफ्नो वडाभित्र महत्वपूर्ण भूमिका खेल्ने जस्तै : सहिद, वडा जनप्रतिनिधि आदी । | आफ्नो वडाभित्र समाज रूपान्तरणमा महत्वपूर्ण योगदान दिने व्यक्तिहरू जस्तैः सहिद, वडा जनप्रतिनिधि आदीको नाम बताई दिने । तस्बीर प्रर्दशन गर्ने । शिक्षकले आवश्यकता अनुसार सहजीकरण गरि दिने । | तिम्रो वडाको सहिदको नाम लेख । तिम्रो वडाका वडा अध्यक्षको नाम के हो ? तिम्रो नजिकमा रहेका वडाका सहिदको नाम लेख । |
| | ग) शिक्षण संस्था | आफ्नो विद्यालयको नजिकमा रहेका विद्यालयको नाम बताउन। | आफ्नो विद्यालयको नजिकमा रहेका विद्यालयको नाम। | विद्यार्थीलाई आफ्नो विद्यालय वरपर रहेका छिमेकी विद्यालयहरूको नाम बताउन लगाउने । | तिम्रो छिमेकी विद्यालयको नाम भन ? तिम्रो विद्यालयबाट सबैभन्दा नजिक रहेको विद्यालयको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नाम के हो ? |
| नैतिक शिक्षा | शिष्टाचार | आदर सत्कार गर्न । | आदर सत्कार जस्तै : पाहुना वा मान्यजनलाई बस्नका लागि अनुरोध, बस्न,खानाका लागि आशन ग्रहण, पानी दिएर स्वागत, सम्मान आदी । | विद्यार्थीलाई ५/६ जनाको समूहमा विभाजन गरी आमा बुवा, दाजुभाई, दिदी, बहिनी र अन्य नातागोताका व्यक्तिहरूसँग व्यवहार गर्दा प्रयोग गरिने शब्दहरूको अभिनय गराउने । आफ्नो घरमा पाहुना आउँदा गरिने व्यवहारको अभिनय गराउने । | आदर,सत्कार कसलाई गरिन्छ ? पाहुनालाई के गर्नु पर्दछ ? |
| स्थानीय प्रविधिहरू | स्थानीय प्रविधिहरूको परिचय | आफ्नो घर नजिकमा प्रयोग गरिने स्थानीय प्रविधिहरूको सामान्य परिचय दिन । | गाउँ घरमा रहेका स्थानीय प्रविधिहरू जस्तै :ढिकी, जाँतो,कोल, पानी घट्ट, गाउँघरमा दहीबाट मोही बनाउने विधि । | विद्यार्थीहरूलाई घर वरपर तथा समाजमा भएका स्थानीय प्रविधिहरूको अवलोकन गराउने । चित्रहरू प्रर्दशन गरी छलफल गराउने । | तिमीले देखेका कुनै २ वटा स्थानीय प्रविधिहरूको नाम लेख । |
| पर्यटन | प्रमुख पर्यटकीय स्थलहरू | आफ्नो घर,टोल, विद्यालय तथा वडाभित्रका प्रमुख पर्यटकीय स्थलहरूको परिचय दिन । | आफ्नो घर, विद्यालय वडाभित्रका पर्यटकीय स्थलहरू जस्तैः मठ,मन्दिर, गुफा, चर्च,मेलापर्व, सहिद गेट, सहिद पार्क,वन, गुफा लेक.....आदी । | आफ्नो घर,टोल,विद्यालय वडाभित्र रहेका पर्यटकीय स्थलहरूको परिचय दिन लगाउने । अवलोकन गरिएका स्थलको परिचय दिन लगाउने । आवश्यकता अनुसार शिक्षकले | मन्दिरमा पूजा गर्ने मान्छेलाई के भनिन्छ ? चर्चमा कसले पूजा गर्छन ? तिम्रो घर नजिक रहेको सहिद |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सहजीकरण गरिदिने । | गेटको नाम लेख । |
| विपद् व्यवस्थापन | प्राकृतिक तथा मानव सिर्जित विपद् | आफ्नो घर,टोल,विद्यालय नजिक घटेका विपद्को सामान्य परिचय दिन । | प्राकृतिक विपद् जस्तैःबाढी, पहिरो, चट्याङ् भूकम्पबाट उत्पन्न समस्या वा विपद्पूर्ण अवस्था । मानव सिर्जित विपद् जस्तै : आगलागी, प्राकृतिक साधनको अत्यधिक दोहन,बालुवा, गिट्ठी जथाभावी निकाल्ने कार्यबाट उत्पन्न विपद् । मानवीय क्रियाकलापबाट सिर्जना हुने विपद् आदी । | आफ्नो घर,टोल तथा विद्यालय नजिक घटेका विपद्को सामान्य परिचय गराउने । विपद् हुनाका कारणबारे सामान्य छलफल गराउने । आवश्यकता अनुसार शिक्षकले सहजीकरण गरिदिने । | तिम्रो नजिकमा घटेका कुनै ३ वटा विपद्को नाम भन । तिम्रो घर, टोल, विद्यालय नजिक घटेका विपद्हरूको सूची बनाऊ । पहिरो कसरी जान्छ ? भन । आगलागीबाट के-के नोक्सानी हुन्छ ? लेख । |

यस विषयमा कक्षागत रूपमा बालवालिकाहरूले गर्ने सिकाइ उपलब्धीलाई प्रस्तुत गरिएको छ । क्षेत्रगत विषयवस्तुको विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत
गरिएको छ :

कक्षा : ४

| क्षेत्र | विषयवस्तु | सक्षमता | विषयवस्तुको विस्तृतीकरण | संभावित सिकाइ सहजीकरण क्रियाकलाप | संभावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|---|
| कृषि | क) मुख्य बाली र नगदे बाली । ख) रैथाने | क) मुख्य खाद्य बाली र नगदे बालीको पहिचान । ख) रैथाने खाद्य बाली र वागवानीको पहिचान । | क) मुख्य खाद्य बाली जस्तै- धान, मकै, गहुँ आदि । मुख्य नगदे बालीहरू जस्तै- अदुवा, बेसार, सुन्तला, केरा, आँप, | क) आफ्नो घर तथा विद्यालय वरपर लगाइने मुख्य खाद्य वाली र नगदे बालीहरूको स्थलगत | क) कुनै तीन वटा मुख्य खाद्य बालीको नाम लेख्नुहोस् । ख) नगदे बाली भनेको के हो ? ग) कुनै तीन वटा रैथाने |

| | | | | | |
|---|---|---|---|---|---|
| | बाली र बागवानी । | | ओखर, आदि ।<br>ख) रैथाने बालीहरू जस्तै- जौँ, फापर, कोदो, कागुनो चिनो, लट्टे, इत्यादि ।<br>वागवानी बालीहरू जस्तै:- पिँडालु, ओखर आदि । | अवलोकन गराउने । ती बालीहरूको नमूना कक्षाकोठामा प्रदर्शन गराउने । सूचीकृत गर्न लगाउने । विद्यार्थीहरूलाई कठिन भएको अवस्थामा शिक्षकले आवश्यकता अनुसार सहजीकरण गरी दिने ।<br>ख) आफ्नो घर तथा छरछिमेकमा लगाइने रैथाने बाली र वागवानी बालीको स्थलगत अवलोकन गराउने । ती बालीहरूको नमूना प्रदर्शन गराउने, सूचीकृत गर्न लगाउने । आवश्यकता परेको खण्डमा शिक्षकले सहजीकरण गरी दिने । | बालीको नाम लेख्नुहोस् ।<br>घ) बागवानी बाली भनेको के हो ? |
| | ग) तरकारी खेति | हिउँदे र वर्षे तरकारीको नाम बताउन । | हिउँदे तरकारीहरू जस्तै : आलु, काउली बन्दागोपी, गाजर,रायो, टमाटर आदी । | आफ्नो घर तथा वडाभित्र रहेका हिउँदे तथा वर्षे तरकारीको अवलोकन | हिउँदे र वर्षे तरकारीहरूको नाम भन्न । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वर्षे तरकारीहरू जस्तै : सिमी, बोडी, फर्सी, करेला आदी । | गराउने उक्त तरकारीहरूको नाम सूचीकरण गर्न लगाउने । कक्षाकोठामा ल्याएर नमूना प्रर्दशन गर्ने साथै शिक्षकले आवश्यकता अनुसार सहजीकरण गरिदिने । | |
| पशुपंक्षी | पशुपंक्षी पालन | आफ्नो घर,टोल,छिमेक तथा गाउँपालिकाभित्र पालिने पशुपंक्षीहरूको वर्गीकरण गर्न । | कुमाख गाउँपालिकाभित्र पालिने पशुहरू जस्तै : गाई, भैँसी, भेडा,बाख्रा,घोडा, खच्चड,कुकुर,विरालो, बङ्गुर,सुँगुर.आदी । पंक्षीहरू जस्तै : कुखुरा, हाँस, परेवा .......आदी । | कुमाख गाउँपालिकाभित्र पालिने पशुपंक्षीलाई मासुका लागि पालिने,दुधजन्य पदार्थका लागि लत्ता कपडा र शौखकानिम्ति पालिने आधारमा विभाजन गरिएको वर्गीकरण तालिका प्रर्दशन गर्ने । शिक्षकले तालिकामा आवश्यक छलफल गराउदैं सहजीकरण गर्ने । | मासु खानाका लागि पालिने पशुपंक्षीको नाम भन । भारी बोकाउन र शौखका( मनोरञ्जन) का लागि पालिने पशुपंक्षीको नाम लेख । |
| प्राङ्गारिक मल | क) कम्पोष्ट मल | कम्पोष्ट मल बनाउने कार्यमा सहभागी हुन । | कम्पोष्ट मल बनाउने कार्य लागि घर, छिमेक तथा विद्यालयको हाताभित्र कम्पोष्ट | घर,छिमेक र विद्यालयको हाताभित्र कम्पोष्ट मल बनाउने कार्यमा सक्रिय | कम्पोष्ट मल बनाउन चाहिने सामग्रीको सूची बनाऊ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मल तयार पार्ने कार्यमा सहभागी गराउने । कम्पोष्ट मल बनाउन आवश्यक पर्ने सामग्री जस्तै : घाँसपात ,कागज, फलफूलका बोका , खाने कुराका बाँकी रहेका भाग आदी । | सहभागी गराउँदै शिक्षकले उक्त कार्यमा सहजीकरण गरिदिने । | |
| | ख) गोठे मल | गोठे मल बनाउने कार्यमा सहभागी हुन । | घर,छिमेकमा गोठे मल बनाउन गरिने क्रियाकलापहरू । | गोठे मल बनाउन आवश्यक पर्ने सामग्री संङ्कलनमा विद्यार्थीहरूलाई सक्रिय सहभागी गराउने । | गोठे मल बनाउन चाहिने सामग्रीहरू के के हुन् ? भन ।<br>गोठे मल कसरी बनाइन्छ ? |
| कला तथा संस्कृति | क) हाम्रा चाडपर्व, नृत्य तथा कला | परम्परादेखि चलिआएका नाचहरूको अभिनय गर्न । धर्म तथा संस्कृतिको परिचय दिन । स्थानिय स्तरमा बाँस,निगालो र काठबाट बनेका सामग्रीहरूको उपयोगिता बताउन । | परम्परागत नाचहरू जस्तै : लहरे,पैसेरी,मयूर नाच,सिङ्गारू, टप्पा, झ्याउरे नाच आदीको अभिनय गराउने । र काठबाट बनेका सामग्रीहरू डोको, डालो,नाङ्लो, ठेकी आदीको उपायोगिता धर्म,संस्कृति,भेषभूषाको परिचय । | परम्परागत नाचहरूको अभिनय गर्न लगाउने । कुमाख गाउँपालिकामा मान्ने धर्म र संस्कृतिको जानकारी गराउने । बाँस, निगालो र काठबाट बनेका सामग्रीहरूको उपयोगिता बताउन लगाउने साथै शिक्षकले सहजीकरण गरिदिने । | हाम्रो समाजमा नाचिने कुनै एक नाचको अभिनय गर ।<br>हाम्रो गाउँपालिकाभित्र मान्ने कुनै तीनवटा धर्मको नाम भन । |

| | | | | | |
|---|---|---|---|---|---|
| इतिहास, भूगोल, राजनीति र शिक्षण संस्थाहरू | क) कुमाख गाउँपालिकाको इतिहास भौगोलिक र राजनैतिक विभाजन, | आफ्नो गाउँपालिकाको नाम , समान्य इतिहास,भौगोलिक र राजनैतिक अवस्था बताउन । कुमाख गाउँपालिकाभित्र रहेका वडा संख्या बताउन । | कुमाख गाउँपालिकाका साविकका पाँचवटा गा.वि.स हरू मिलेर कुमाख गाउँपालिका बनेको ( साविकका गा.वि.स. हरू जस्तै : बडागाउँ,कालागाउँ, मर्म परिकाँडा, स्वीकोट, जिमाली) वडा संख्याहरू । | कुमाख गाउँपालिकाको सामान्य जानकारी गराउने । कुमाख गाउँपालिकाको नक्सा प्रर्दशन गर्ने । विद्यार्थीहरूलाई नक्सामा आफ्नो वडा पहिचान गर्न लगाउने । यसबारे स्पष्ट धारणा बनाउन शिक्षकले आवश्यक सहजीकरण गरिदिने । | कुमाख गाउँपालिकाको परिचय देऊ ।<br>कुमाख गाउँपालिकामा कति वटा वडाहरू रहेका छन् ? |
| | ख) सामाजिक रूपान्तरणको लागि कुमाख बासीहरूको योगदान | कुमाख गाउँपालिकाभित्र सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेल्ने व्यक्तिको नाम बताउन । | कुमाख गाउँपालिकाभित्र सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेल्ने व्यक्तिहरू जस्तै : सहिद, कुमाखका जम्मा सहिद,घाइते, वेपत्ता,वडा जनप्रतिनिधि, प्रथम गाउँपालिका अध्यक्ष, उपाध्यक्ष आदी । | कुमाख गाउँपालिकाभित्र सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेल्ने व्यक्तिहरूको नाम बताउने । शिक्षकले आवश्यक सहजीकरण गरिदिने । | कुमाख गाउँपालिकामा जम्मा कति जना सहिद छन् ?<br>कुमाख गाउँपालिकाका प्रथम जननिर्वाचित अध्यक्ष र उपाध्यक्षको नाम भन । |
| | ग) शिक्षण संस्था | आफ्नो विद्यालयको नजिकमा रहेका विद्यालयको नाम बताउन । | आफ्नो विद्यालयको नजिकमा रहेका विद्यालयहरूको नाम। | विद्यार्थीलाई आफ्नो विद्यालय वरपर रहेका छिमेकी विद्यालयहरूको नाम बताउन लगाउने । | तिम्रो विद्यालयमा जम्मा कति जना शिक्षकहरू छन् ?<br>तिम्रो विद्यालयको सामान्य परिचय देऊ ।<br>तिम्रो वडाभित्र कतिवटा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | विद्यालय छन् ? |
| नैतिक शिक्षा | शिष्टाचार | असल आचरण विकास गर्न । सामाजिक सत्कार र दायित्य पूरा गर्न । | असल आचरण जस्तै: अनुशासन, आज्ञापालन, लगनशीलता, इमान्दारिता आदी ।<br>आदर सत्कार जस्तै : ठूलालाई सम्मान, सानालाई माया, स्वागत आदी । | असल आचरण, आदर सत्कार दायित्वबारे शिक्षकले बालवालिकाहरूलाई स्पष्ट पारि दिने । विभिन्न क्रियाकलापहरू अभिनयको माध्यामबाट गराउने । यस्ता अभ्यासहरू पटक-पटक दोहोऱ्याउने र शिक्षकले निर्देशन दिई अभ्यास गराउने । | आदर सत्कार किन गरिन्छ ?<br>आदर सत्कार कसलाई गरिन्छ ?<br>कस्तो आचरण गर्ने व्यक्तिलाई असल मानिन्छ ? |
| स्थानीय प्रविधिहरू | स्थानीय प्रविधिहरूको परिचय | आफ्नो वडाभित्र प्रयोग गरिने स्थानीय प्रविधिहरूको परिचय दिन र प्रयोग बताउन । | आफ्नो घर वरपर रहेका स्थानीय प्रविधिहरू जस्तै :ढिकी, जाँतो,कोल, पानी घट्ट, गाउँघरमा दहीबाट मोही बनाउने विधि । | विद्यार्थीहरूलाई स्थानीय प्रविधिहरूको सामान्य परिचय दिने र यसको प्रयोगबारे बताउने । स्थानीय प्रविधिहरूका चित्रहरू प्रर्दशन गरेर तिनीहरूको कार्य भन्न लगाउने । शिक्षकले आवश्यकता अनुसार सहजीकरण गरिदिने । | स्थानीय प्रविधि भनेके के हो ?<br>स्थानीय प्रविधिभित्र के-के पर्दछन् ?<br>स्थानीय प्रविधिहरू के को लागि प्रयोग गरिन्छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| पर्यटन | प्रमुख पर्यटकीय स्थलहरू | कुमाख गाउँपालिकाभित्र रहेका प्रमुख पर्यटकीय स्थलहरूको सामान्य परिचय दिन । | कुमाख गाउँपालिकाभित्रका प्रमुख पर्यटकीय स्थलहरू जस्तैः कुमाख लेक, चमेरे गुफा,स्वीकोट शिव मन्दिर , शिद्ध गुफा, कुमाख मालिका, देवी दर्का,बडागाउँ,शिव मन्दिर थदरा,बडागाउँ मौलाकोट,जागेश्वर महादेव मन्दिर त्रिवेणी,कालागाउँ कोट भगवती मन्दिर, कालारात्री मन्दिर मर्मकोट,बारूले मेला, कुमाख मेला,मर्मकोट मेला, कालागाउँ कोट मेला,मालिका मेला, बडागाउँ कोट मेला, बाह भदौ मेला राम्री, नाउला राजदरबार बडागाउँ,साई कुमारी मन्दिर बडागाउँ, सहिद गेट थदरा, सहिद पार्क चिसापानी । | कुमाख गाउँपालिकाका प्रमुख पर्यटकीय स्थलहरूको स्थलगत भ्रमण र अवलोकन गराउने । पर्यटकीय स्थलहरूबारेमा सामान्य परिचय बताई दिने । आवश्यकता अनुसार शिक्षकले सहजीकरण गरिदिने । | कुमाख गाउँपालिकाको प्रसिद्ध मेला कुन हो?<br>कुमाख गाउँपालिकामा रहेका सहिद गेट र सहिद पार्क कुन कुन स्थानमा रहेका छन् ?<br>तिम्रो घर नजिकै रहेको मन्दिरकोबारेमा लेख । |
| विपद् व्यवस्थापन | प्राकृतिक तथा मानव सिर्जित विपद् | आफ्नो वडाभित्र घटेका विपद्को अवलोकन गरी परिचय दिन । | वडाभित्र घटेका विपद् जस्तैः बाढी, पहिरो, चट्याङ् भूकम्पबाट उत्पन्न समस्या वा विपद्पूर्ण अवस्था, मानव सिर्जित विपद् जस्तै : | विद्यार्थीहरूलाई वडाभित्र घटेका विपद्हरूको सामान्य परिचय बताई दिने । विद्यार्थीका बीचमा छलफल गराउने । | प्राकृतिक विपद्हरू के-के हुन ? कुनै एकको बारेमा लेख । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आगलागी, प्राकृतिक साधनको अत्याधिक दोहन । | चित्रहरू प्रर्दशन गरी दिने । | |

यस विषयमा कक्षागत रूपमा बालवालिकाहरूले गर्ने सिकाइ उपलब्धीलाई प्रस्तुत गरिएको छ । क्षेत्रगत विषयवस्तुको विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत प्रस्तुत गरिएको छ :

**कक्षा : ५**

| क्षेत्र | विषयवस्तु | सक्षमता | विषयवस्तुको विस्तृतीकरण | संभावित सिकाइ सहजीकरण क्रियाकलाप | संभावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|---|
| कृषि | क) मुख्य बाली र नगदे बाली ।<br>ख) रैथाने बाली र बागवानी । | क) मुख्य खाद्य बाली र नगदे बाली बीचको फरक बताउन ।<br>ख) रैथाने खाद्य बाली र बागवानीको महत्व बताउन । | क) मुख्य खाद्य बाली जस्तैः- धान, मकै, गहुँ आदि । नगदे बालीहरू जस्तैः- अदुवा बेसार, सुन्तला, केरा आँप इत्यादि ।<br>ख) रैथाने बालीहरू जस्तैः- कोदो, जौं, फापर, जुनेलो लट्टे, इत्यादि । बागवानी बालीहरू जस्तै- पिँडालु, ओखर आदि, । | क) आफ्नो गाउँ, घर, वडा र गाउँपालिकाभित्र लगाइने खाद्य बाली र नगदे बालीको सूची बनाउन लगाउने । खाद्य बाली र नगदे बाली बीच फरक छुट्याउन लगाउने, विद्यार्थीलाई असहज भएमा शिक्षकले सहजीकरण गरी दिने ।<br>ख) आफ्नो गाउँ | क) खाद्य बाली र नगदे बालीको सूची बनाउनुहोस् ।<br>ख) खाद्य बाली र नगदे बाली बीचको फरक लेख्नुहोस् ।<br>ग) रैथाने खाद्य बाली र बागवानी बालीहरूको सूची बनाउनुहोस् ।<br>घ) रैथाने तथा खाद्य बालीहरूको कुनै दुई वटा महत्वहरू लेख्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | घर, टोल छिमेकमा लगाइने रैथाने बाली र बागवानी बालीहरूको सूची बनाउन लगाउने । रैथाने बाली र बागवानी बाली बीच फरक छुट्याउन लगाउने र ती बालीहरूको महत्व बताउन लगाउने र विद्यार्थीहरूलाई असहज भएमा शिक्षकले सहजीकरण गरी दिने । | |
| | ग) तरकारी खेति | हिउँदे र वर्षे तरकारीको महत्व बताउन । | हिउँदे र वर्षे तरकारीबाट मानिसको स्वास्थ्यमा हुने फाइदा आर्थिक आय आर्जन आदी । | हिउँदे र वर्षे तरकारीको तालिका प्रर्दशन गर्ने । हिउँदे र वर्षे तरकारी खानाले मानिसलाई हुने फाइदा बताउन लगाउने । | हिउँदे र वर्षे तरकारीको महत्व के छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| पशुपंक्षी | पशुपंक्षी पालन | आफ्नो घर,गाउँ,वडा तथा गाउँपालिकाभित्र पालिने पशुपंक्षीहरूको महत्व बताउन। | कुमाख गाउँपालिकाभित्र पालिने पशुहरू जस्तैःगाई,भैँसी,भेडा,बाख्रा,घोडा,खच्चर,कुकुर,विरालो,बङ्गुर,सुँगुर आदी । पंक्षीहरू जस्तैःकुखुरा,हाँस,परेवा .....आदी । | विद्यार्थीहरूलाई पशुपंक्षीको महत्व बताउन लगाउने । चार्टहरू प्रर्दशन गर्ने साथै शिक्षकले आवश्यकता अनुसार सहजीकरण गर्ने । | पशुपंक्षीको महत्व के छ ? |
| प्राङ्गारिक मल | क) कम्पोष्ट मल | कम्पोष्ट मल बनाउने तरिका प्रयोग र यसका फाइदाहरू बताउन। | घर,छिमेक र विद्यालयको हाताभित्र कम्पोष्ट मल बनाउन आवश्यक पर्ने सामग्री संङ्कलन गर्न लगाई उक्त मल बनाउने कार्यमा प्रत्यक्ष सहभागी गराउने त्रियाकलाप। | विद्यार्थीहरूलाई घर,छिमेक र विद्यालयमा कम्पोष्ट मल बनाउन आवश्यक पर्ने सामग्री संङ्कलन गर्न लगाउने । कम्पोष्ट मल बनाउने कार्यमा प्रत्यक्ष सहभागी गराउने । | कम्पोष्ट मल बनाउने तरिका के हो ?<br>कम्पोष्ट मलका फाइदाहरू के के हुन् ? |
| | ख) गोठे मल | गोठे मल बनाउने तरिका प्रयोग र यसका फाइदाहरू बताउन। | घर,छिमेकमा गोठे मल बनाउन आवश्यक पर्ने सामग्री संङ्कलन गर्न लगाउने । कम्पोष्ट मल बनाउने कार्यमा प्रत्यक्ष सहभागी गराउने । | विद्यार्थीहरूलाई घर,छिमेकमा गोठे मल बनाउन आवश्यक पर्ने सामग्री संङ्कलन गर्न लगाई उक्त | गोठे मल बनाउने तरिका के हो ?<br>गोठे मलका फाइदाहरू लेख । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मल बनाउने कार्यमा प्रत्यक्ष सहभागी गराउने । | |
| कला तथा संस्कृति | क) हाम्रा चाडपर्व, नृत्य तथा कला | परम्परादेखि चलिआएका नाचहरूको अभिनय तथा स्थानीय सामग्रीहरूको प्रयोग र संरक्षण गर्न । | परम्परागत रूपमा चलिआएका नाचहरू जस्तै : लहरे,पैसेरी,मयूर नाच,सिङ्गारू, टप्पा, झ्याउरे नाच आदी । यहाँ माने धर्महरू जस्तैः हिन्दू , ईशाइ र सच्चाई आदी । बाँस,निगालो र काठबाट बनेका सामग्रीको प्रयोग , संरक्षण तथा सम्बर्द्धन । | परम्परागत रूपमा चलि आएका नाच तथा धर्महरूको सामान्य जानकारी गराउने । बाँस,निगालो र काठबाट बनेका सामग्रीको प्रयोग,संरक्षण तथा सम्बर्द्धन गरिने क्रियाकलापमा सक्रिय सहभागी गराउने । | कुनै ३ वटा नृत्यको नाम लेख । कुमाख गाउँपालिकामा मान्ने ३ वटा धर्म के-के हुन ? नाम भन । स्थानीय सामग्रीको प्रयोग किन गरिन्छ ? लेख । |
| इतिहास, भूगोल, राजनीति र शिक्षण संस्थाहरू | क)कुमाख गाउँपालिकाको इतिहास,भौगोलिक र राजनैतिक विभाजन | कुमाख गाउँपालिकाको भौगोलिक अवस्थितिको सामान्य जानकारी दिन र क्षेत्रफल बताउन । वडा विभाजनका | कुमाख गाउँपालिकाको भौगोलिक अवस्था जस्तैःहोचा,अग्ला भूभागहरू, कुमाख गाउँपालिकाको क्षेत्रफल .. वडा विभाजनका आधार (भूगोल र जनसंख्या) । गाउँपालिका अध्यक्ष र उपाध्यक्षको सामान्य परिचय । | विद्यार्थीलाई कुमाख गा.पा. को सामान्य जानकारी गराउने । तस्बीरहरू प्रर्दशन गर्ने र शिक्षकले आवश्यकता अनुसार सहजीकरण गर्ने । | कुमाखको क्षेत्रफल कति छ ? कुमाख गाउँपालिकाको अग्लो भाग कुन हो ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आधारहरू बताउन । कुमाख गाउँपालिकाका प्रथम जननिर्वाचित अध्यक्ष र उपाध्यक्षको सामान्य परिचय दिन । | | | |
| | ख) सामाजिक रूपान्तरणको लागि कुमाख बासीहरूको योगदान | समाज परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्ने व्यक्तिहरूको योगदान बताउन । कुमाख गाउँपालिकाका प्रथम जननिर्वाचित अध्यक्ष र उपाध्यक्षको सामान्य परिचय दिन । | कुमाख गाउँपालिकाभित्र समाज परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका व्यक्तिहरू जस्तै : सहिद,घाइते, वेपत्ता आदी । कुमाख गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको नाम आदी । | कुमाख गाउँपालिकाभित्र महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरूकाबारेमा जानकारी गराउँदै चित्र प्रर्दशन गर्ने । कुमाख गाउँपालिकाका प्रथम जननिर्वाचित अध्यक्ष र उपाध्यक्षको सामान्य परिचय बताई दिने । आवश्यकता अनुसार शिक्षकले सहजीकरण गरिदिने । | कुमाख गाउँपालिकाभित्र कति जना व्यक्ति सहिद भएका थिए ? कुमाख गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको नाम लेख । |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग) शिक्षण संस्था | आफ्नो विद्यालय तथा वडाभित्र रहेका विद्यालय संख्या र नाम बताउन । आफ्नो गाउँपालिका भित्रका विद्यालयको संख्या बताउन । | आफ्नो विद्यालयको नाम,आफ्नो,वडाभित्रका विद्यालयको नाम र संख्या । कुमाख गाउँपालिका भित्रका विद्यालयको नाम र विद्यालय संख्याः आधारभूत विद्यालयः तथा माध्यामिक विद्यालय । | विद्यार्थीलाई आफ्नो वडा भित्रका विद्यालयको नाम,संख्या झल्कने तालिका प्रर्दशन गर्ने । साथै गाउँपालिकाभित्र रहेका जम्मा विद्यालय संख्या बताई दिने । उनीहरूले देखेका कुरा बताउन लगाउने । चार्टहरू देखाउँदै स्पष्ट पार्ने र शिक्षकले आवश्यक सहजीकरण गरिदिने । | |
| नैतिक शिक्षा | शिष्टाचार | अनुशासन तथा सकरात्मक सोचको विकास गर्न । | आज्ञापालन, मिठो बोली, ठिक समय ठिक काम, नैतिक मूल्य,मान्यता, राम्रो बानी, असल आचरण,असल व्यवहार..आदी । | शिक्षकले विद्यार्थीलाई असल आचरण, आदर सत्कार, अनुशासन तथा सकारात्मक सोचबारे बताई दिने | अनुशासन भनेको के हो ? असल आचरणको सूची बनाऊ । सकारात्मक सोचबाट मानिस कसरी असल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | । अभिनयको माध्यामबाट क्रियाकलाप गर्न लगाउने । असल कार्यबारे लेख्न लगाउने । | बन्छ ? |
| स्थानीय प्रविधिहरू | स्थानीय प्रविधिहरूको परिचय | आफ्नो घर,वडा तथा गाउँपालिकाभित्र प्रयोग गरिने स्थानीय प्रविधिहरूको संरक्षण गर्ने उपायहरू बताउन । | कुमाख गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिहरू जस्तै :ढिकी, जाँतो,कोल, पानी घट्ट, गाउँघरमा दहीबाट मोही बनाउने विधि । | शिक्षकले विद्यार्थीहरूलाई आफ्नो घर,वडा र गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिको संरक्षणका उपायहरू बताई दिने । शिक्षकले आवश्यक सहजीकरण गरिदिने । | स्थानीय प्रविधिहरूको संरक्षण किन गर्नुपर्छ ? स्थानीय प्रविधिबाट हामीलाई के फाइदा हुन्छ ? |
| पर्यटन | प्रमुख पर्यटकीय स्थलहरू | आफ्नो गाउँपालिकाभित्रका प्रमुख पर्यटकीय स्थलहरूको महत्व बताउन । पर्यटकीय स्थलहरूको | कुमाख गाउँपालिकाका प्रमुख पर्यटकीय स्थलहरू कुमाख लेक, चमेरे गुफा,स्वीकोट शिव मन्दिर,शिद्ध गुफा, कुमाख मालिका, देवीदर्का मन्दिर बडागाउँ,शिव मन्दिर थदरा,बडागाउँ मौलाकोट,जागेश्वर महादेव मन्दिर त्रिवेणी,कालागाउँ कोट भगवती मन्दिर, कालारात्री | शिक्षककले विद्यार्थीहरूलाई प्रमुख पर्यटकीय स्थलहरूको स्थलगत भ्रमण गराई महत्व | कुमाख गाउँपाालिकाका प्रमुख पर्यटकीय स्थलहरूमध्ये १० वटा पर्यटकीय स्थलको नाम लेख । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | संरक्षणका उपायहरू बताउन । | मन्दिर मर्मकोट । बारूले मेला, कुमाख मेला, मर्मकोट मेला, कालागाउँ कोट मेला,मालिका मेला, बडागाउँ कोट मेला, बाह् भदौ मेला राम्री, नाउला राजदरबार बडागाउँ,साई कुमारी मन्दिर बडागाउँ, सहिद गेट थदरा, सहिद पार्क चिसापानी । | बताउने । महत्वपूर्ण स्थलहरूको नाम टिपोट गर्न लगाउने । संरक्षण र सम्बर्धनका उपायहरू बताई दिने । विद्यार्थीहरूलाई समूहमा छलफल र अर्न्तक्रिया गर्न लगाउने । आवश्यकता अनुसार शिक्षकले सहजीकरण गरिदिने । | पर्यटकीय स्थलहरूको महत्वबारे लेख । पर्यटकीय स्थलको संरक्षण गर्ने उपायहरू लेख । |
| विपद् व्यवस्थापन | प्राकृतिक तथा मानव सिर्जित विपद् | आफ्नो गाउँपालिकाभित्र प्राकृतिक तथा मानव सिर्जित विपद्को परिचय दिन । विपद्बाट बच्ने उपायहरू बताउन । | प्राकृतिक विपद् जस्तैः बाढी, पहिरो, चट्याङ् भूकम्पबाट उत्पन्न समस्या वा विपद्पूर्ण अवस्था, मानव सिर्जित विपद् जस्तै : आगलागी, प्राकृतिक साधनको अत्यधिक दोहन, बालुवा गिट्ठी जथाभावी निकाल्ने कार्यबाट उत्पन्न विपद् । मानवीय क्रियाकलापबाट सिर्जना हुने विपद् आदी । | कुमाख गाउँपालिकाभित्र घटेका प्राकृतिक तथा मानव सिर्जित विपद्का् अवलोकन गराउने । विपद्को सामान्य परिचय दिने र विपद्बाट बच्ने उपायहरूको | प्राकृतिक तथा मानव सिर्जित विपद्हरू के-के हुन् ? विपद्बाट बच्ने उपायहरू के-के हुन् ? आगलागी कसरी हुन्छ ? समान्य परिचय देऊ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | तालिका प्रस्तुत गरी दिने उक्त तालिका बीच विद्यार्थीलाई छलफल गराउने र यसबाट बच्ने उपायहरू प्रस्तुत गर्न लगाउने । शिक्षकले आवश्यक सहजीकरण गर्ने । | |

८) स्थानीय पाठ्यक्रमको वार्षिक पाठ्य घण्टा र कार्य घण्टा विभाजन तालिका :

| क.सं | क्षेत्र एकाई | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पाठ्य घण्टा | वार्षिक कार्य घण्टा | पाठ्य घण्टा | वार्षिक कार्य घण्टा | पाठ्य घण्टा | वार्षिक कार्य घण्टा | पाठ्य घण्टा | वार्षिक कार्य घण्टा | पाठ्य घण्टा | वार्षिक कार्य घण्टा |
| १. | कृषि | | ३० | | ३० | | ३० | | ३६ | | ३६ |
| २ | पशुपंक्षी | | १५ | | १५ | | १५ | | ११ | | ११ |
| ३. | प्राङ्गारिक मल | | १३ | | १३ | | १३ | | ९ | | ९ |
| ४. | कला तथा संस्कृति | | १७ | | १७ | | १७ | | १३ | | १३ |
| ५. | इतिहास, भूगोल, राजनीति र शिक्षण संस्थाहरू | | ३२ | | ३२ | | ३२ | | २८ | | २८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | नैतिक शिक्षा | | १० | | १० | | १० | | ६ | | ६ |
| ७. | स्थानीय प्रविधिहरू | | १० | | १० | | १० | | ६ | | ६ |
| ८. | पर्यटन | | २० | | २० | | २० | | १८ | | ११ |
| ९. | विपद् व्यवस्थापन | ५ | १६० | ५ | १६० | ५ | १६० | ४ | १२८ | ४ | १२८ |

**९) सिकाइ सहजीकरण प्रक्रिया**

यस पाठलाई विद्यालयमा विद्यार्थीहरू बीच प्रभावकारी तरिकाले सहजीकरण गर्न देहायका शिक्षण विधिहरू सान्दर्भिक हुनेछन् :

क) छलफल विधि

ख) प्रश्नोत्तर विधि

ग) अवलोकन विधि

घ) क्षेत्र भ्रमण विधि

ङ) प्रर्दशन विधि

च) खेल विधि

छ) खोज विधि

ज) समस्या समाधान विधि

झ) परियोजना विधि

ञ) अभ्यास विधि

**१०) विद्यार्थी मूल्याङ्कन**

१) राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले सिफारिस गरेका मूल्याङ्कन पद्धतिलाई अनुसरण गरिनेछ।

२) स्थानीय विषयको पठनपाठनद्धारा विद्यार्थीले हेरेर अवलोकन गरेर सिकेका कुरा, नियमित सहभागिता, कक्षाकार्य, प्राप्त प्रतिवेदनका आधारमा मूल्याङ्कन गरिनेछ।

३) विद्यार्थीको कार्य संञ्चयिका फाइल बनाइने छ र त्यसभित्र विद्यार्थी हाजिरी, कक्षा कार्य , परियोजना कार्य,उपलब्धी परीक्षा, व्यवहारिक परिवर्तन, सामूहिक कार्यमा सक्रियता आदी मूल्याङ्कनका आधार तयार पारी प्रत्येक विद्यार्थीको अभिलेख रहने छ र तिनीहरूको मूल्याङ्नका आधारमा विद्यार्थी मूल्याङ्कन गरिने छ ।

११) पाठ्यक्रम कार्यान्वयनको प्रक्रिया :

यस पाठ्यक्रमको कार्यान्वियन गर्न कुमाख गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरू र सम्बन्धित विद्यालयका शिक्षकको महत्वपूर्ण भूमिका हुनेछ । कुमाख गाउँपालिकाबाट अनुगमन तथा क्षमता विकासको क्षेत्रमा शिक्षा यूवा तथा खेलकुद विकास शाखाबाट समन्वय तथा सहकार्यको क्षेत्रमा भूमिका निर्वाह हुनेछ । विद्यार्थीहरूलाई स्थलगत भ्रमण गराई स्थानीय वातावरणको अवलोकन गराइने छ । कुमाख गाउँपालिकाको समुदाय, शिक्षक बुद्धिजिवी, समाजसेवी एवम् सम्बन्धित विषय क्षेत्रमा जानकार व्यक्तिहरू स्रोत व्यक्तिको रूपमा रहनेछन् । विषय क्षेत्रमा निदिष्ट गरिएका स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित क्रियाकलाप गराई विद्यार्थीमा सिर्जनात्मक सीपको विकास गरिनेछ । पाठ्यक्रम परिमार्जन, अद्यावधिक कार्यका लागि पाठ्यक्रम, पाठ्यपुस्तक समन्वय समिति जस्ता संयन्त्र खडा गर्ने व्यवस्था गरिनेछ ।

**१२) समय निर्धारण**

राष्टिय पाठ्यक्रम प्रारूप २०७६ ले कक्षा १ देखि ३ सम्म मातृभाषा सीप स्थानीय विषयवस्तु सम्बन्धित क्रियाकलापका लागि पाठ्य घण्टा ५ र वार्षिक कार्य घण्टा १६० छुट्याएको छ । कक्षा ४ र ५ को पाठ्य घण्टा ४ र वार्षिक कार्य घण्टा १२८ रहेको छ । प्रत्येक शैक्षिक सत्र वैशाख देखि सुरु भएर चैत मसान्तसम्म कायम रहने व्यवस्था शिक्षा नियमावली २०५९ मा उल्लेख भएको छ । प्रचलित शिक्षा ऐन वमोजिम प्रत्येक शैक्षिक सत्रमा २२० दिन विद्यालय खुल्ने र १९२ दिन पठनपाठन हुने कुरा उल्लेख छ । पाठ्यांश अनुसार विद्यार्थीहरूको अध्ययन अवलोकन भ्रमण र प्रयोगात्मक क्रियाकलापलाई पनि अध्ययन अवधिमा मिलान गरिनेछ ।

**१४) पाठ्यक्रम परिमार्जन**

समयको परिवर्तन वा सामाजिक परिवर्तन सँगसँगै सामाजिक इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि बढ्नेछन् । ती आवश्यकताहरू शैक्षिक पाठ्यांशमा समावेश गरी विद्यार्थीको ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन समय सापेक्ष यो पाठ्यक्रम पनि परिमार्जन हुनेछ । कुमाख गाउँपालिका क्षेत्रभित्रका सबै विषयवस्तुको गहिरो खोज तथा अनुसन्धानबाट अध्ययन गरिनेछ र प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिनेछ ।

# आधारभूत तह (कक्षा  (६-८) को स्थानीय पाठ्यक्रम-२०७८

# कुमाख दर्पण

## १. परिचय

स्थानीय आवश्यकताका आधारमा,स्थानीय विषयवस्तु समावेश गरी स्थानीय सहभागिता/विज्ञतामा निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यस पाठ्यक्रमको अनिवार्य सर्तका रूपमा स्थानीय सहभागिता/विज्ञता,स्थानीय विषयवस्तु र स्थानीय आवश्यकता रहेका छन् । स्थानीय पाठ्यक्रमले सिकारुको रूचि, उमेर,स्तर र स्थानीय स्रोत साधनलाई विशेष ध्यान दिएको छ । त्यसै गरी स्थानीय समाजका आवश्यकतालाई सम्बोधन गर्दछ र सिकारुलाई सिक्नमा प्रेरित गर्दछ । मुख्य रूपमा स्थानीय परिवेशका परम्परामा आधारित मूल्यमान्यता,संस्कृति,रितिरिवाज र विभिन्न पहिचानका विषयहरूलाई जर्गेना गर्न पुस्तान्तरणमा ठूलो टेवा पुऱ्याउने देखिन्छ । स्थानीय पाठ्यक्रमलाई एउटा शैक्षिक विकेन्द्रीकरण पक्षका रूपमासमेत हेरिन्छ ।

नेपालको स्थानीय पाठ्यक्रम सम्बन्धी नीतिगत तथा कार्यान्वयनगत व्यवस्थाको अभ्यास त्यति पुरानो छैन् । सर्वप्रथम प्राथमिक शिक्षा पाठ्यक्रमले पहिलो पटक स्थानीय विषय वा मातृभाषा मध्य कुनै एक विषय १०० पूर्णाङ्क र साप्ताहिक ३ पाठ्यभारको विद्यालयले छनोट गरी पढाउन सक्ने व्यवस्था गरेको देदिन्छ भने स्थानीय पाठ्यक्रम विकास निर्देशिका २०६० समेतको व्यवस्था गरिएको थियो । त्यसै गरी प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ र आधारभूत शिक्षा पाठ्यक्रम (६-८) २०६९ मा पाठ्यभार वृद्धि गरी क्रमश: ४ र ५ बनाइएको देखिन्छ । हाल राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को मार्गदर्शन अनुसार आधारभूत तहमा २०७७ देखि कार्यान्वयन हुने गरी स्थानीय पाठ्यक्रम वि. सं. २०७७ देखि कक्षा १  मा कार्यान्वयन प्रारम्भ भई ४ वर्षमा १ देखि ८ का सबै कक्षामा पारम्भ हुने व्यवस्था गरिएको छ । यस पाठ्यक्रमले कक्षा १-३ मा  वार्षिक ५ पाठ्य घण्टा वा कार्य घण्टा १६० छुट्याइएको छ  भने ४-८ मा वार्षिक ४ पाठ्य घण्टा वा १२८ कार्य घण्टा छुट्याइएको छ । आधारभूत तह ( ६-८ ) २०७७ ले व्यवस्था गरे अनुसारको स्थानीय विषयको पाठ्यक्रम ( कुमाख दर्पण ) २०७८ को मुख्य उद्देश्य स्थानीय मूल्य,मान्यता,इतिहासको संरक्षण,सम्बर्द्धन गर्दै स्थानीय वस्तुस्थिति तथा भूगोलप्रति पूर्ण परिचित गराउँदै आफ्नो समुदायको पहिचान र गौरव गर्ने बानी विकास गर्नु रहेको छ ।

यस पाठ्यक्रममा परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धी,विषयवस्तुको क्षेत्र र क्रम,सिकाइ सहजीकरण प्रक्रिया,विद्यार्थी मूल्याङ्कन र समय निर्धारण जस्ता पक्ष समेटिएको छ ।

## ४) तहगत सक्षमता

आधारभूत तह कक्षा १-८ का लागि तयार गरिएको कुमाख गाउँपालिकाको स्थानीय पाठ्यक्रम २०७८ को सक्षमता देहाय बमोजिम हुने छन् :

१) कृषिमा आधुनिकीकरण र बजारीकरणको अवधारणा,वर्गीकरण र यसबाट हुने फाइदाहरू। रैथाने बालीको परिचय, विशेषता, महत्व, चुनौती र खेती प्रविधिको बारेमा बताउन सक्षम हुने ।

२) सामाजिक संस्कार तथा आचरणको परिचय,विकास,परिपालना,यसका फाइदाहरू र यसबाट समुदायमा पर्ने असर ।

३) सामाजिक समस्या तथा विकृतिहरूको परिचय,यसबाट समाजमा पर्ने असर र समाधानका उपायहरू ।

४)कुमाख गाउँ पालिकाको ऐतिहासिक परिचय,सिमाना,मुख्य नाकाहरू,कुमाख गाउँ पालिकाको राजनैतिक तथा प्रशासनिक विभाजनको अवधारणा,नक्साङ्कन र यसको क्षेत्रफल।

५)प्राकृतिक,धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको चिनारी,महत्व,संरक्षण र सम्बर्द्धनका उपायहरू।

६) स्थानीय सरकारको अवधारणा,संरचना र यस अर्न्तगतका निकायहरूको काम,कर्तव्य र अधिकार ।

७)पर्यटन व्यवसाय तथा प्रबर्द्धनको परिचय,महत्व,कुमाख गाउँ पालिकाभित्रका प्रमुख पर्यटकीय स्थलहरूको चिनारी,संरक्षण,सम्बर्द्धन र प्रबर्द्धनका उपायहरू।

८) विपद् र विपद् व्यवस्थापनको अवधारणा,प्रकार,यसबाट बच्ने पूर्व तयारी,न्यूनीकरणका उपायहरू,विपद्बाट बच्ने उपायहरू र यसको उचित व्यवस्थापन।

### ५) विषयवस्तुको छनोट

१. कृषि

२) हाम्रो संस्कार

३) सामाजिक समस्या तथा विकृतिहरू

४) इतिहास,भूगोल र राजनीति

५)हाम्रा सम्पदा

६) स्थानीय सरकार

७) पर्यटन व्यवसायतथा प्रबर्द्धन

८) विपद् व्यवस्थापन

९) प्राकृतिक तथा मानव सिर्जित विपद्हरू

## ६) विषयवस्तुको क्षेत्र र क्रम :-

| क्षेत्र | विषयवस्तु | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| कृषि | क) कृषिमा आधुनिकीकरण र बजारीकरण | कृषिमा आधुनिकीकरण र बजारीकरणको अवधारणा । | कृषिमा आधुनिकीकरण र बजारीकरण गर्ने गरिकाहरू। | कृषिमा आधुनिकीकरण बजारीकरणबाट हुने फाइदाहरू। |
| | ख) रैथाने बाली | रैथाने बालीको सामान्य अवधारणा र विशेषता । | रैथाने बालीको परिचय, उत्पादन र यसका चुनौती । | रैथाने बालीहरूको खेती प्रविधि र यिनीहरूको पौष्टिक महत्व । |
| हाम्रो संस्कार | सामाजिक संस्कार तथा आचरण | सामाजिक संस्कारको परिचय ।असल आचरणको विकास । | हाम्रो समुदायमा प्रचलनमा रहेका सामाजिक संस्कार परिपालनमा जोड ।सकारात्मक सोचको विकास । | हाम्रो समुदायमा प्रचलित असल संस्कारका फाइदा र यसले समुदायमा पार्ने प्रभाव। |
| समाजिक समस्या तथा विकृतिहरू | परम्परागत अन्धविश्वास, कुरीति, लागुपदार्थ र समाजिक विकृतिहरू | सामाजिक समस्या तथा विकृतिहरूको सामान्य परिचय। | समाजिक समस्या तथा विकृतिहरूले समाजमा पार्ने असर । | सामाजिक समस्या तथा विकृतिहरू समाधानका उपायहरू । |
| इतिहास ,भूगोल र राजनीति | कुमाख गाउँपालिकाको इतिहास, भौगोलिक अवस्थिति, राजनैतिक तथा प्रशासनिक विभाजन | कुमाख गाउँपालिकाको ऐतिहासिक परिचय, सिमाना र मुख्य नाकाहरू । | कुमाख गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विभाजनको सामान्य | कुमाख गाउँपालिकाको नक्साङ्कन र यसको क्षेत्रफल । |

| | | | | |
|---|---|---|---|---|
| | | | अवधारणा । | |
| हाम्रा सम्पदा | प्राकृतिक,धार्मिक तथा सांस्कृतिक सम्पदाहरू | प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको सामान्य चिनारी । | प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको महत्व । | प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धनका उपायहरू । |
| स्थानीय सरकार | स्थानीय सरकार निर्माण संरचना (कार्यपालिका, व्यवस्थापिका) र वडाहरू । | स्थानीय सरकारको अवधारणा र संरचना । | कार्यपालिका र व्यवस्थापिकाको अवधारणा र संरचना । | स्थानीय सरकार अर्न्तगत कार्यपालिका र व्यवस्थापिकाका काम,कर्तव्य र अधिकार । |
| पर्यटन व्यवसाय तथा प्रबर्द्धन | पर्यटन व्यवसायको अवधारणा, प्रमुख पर्यटकीय स्थलहरूको प्रबर्द्धन | पर्यटन व्यवसाय तथा प्रबर्द्धनको परिचय र महत्व । | कुमाखगाउँपालिकाभित्रका प्रमुख पर्यटकीय स्थलहरूको चिनारी । | कुमाख गाउँपालिकाभित्रका प्रमुख पर्यटकीय स्थलहरूको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनका उपायहरू । |
| विपद् व्यवस्थापन | विपद्को अर्थ, प्रकार,व्यवस्थापन र यसबाट बच्ने उपायहरू | विपद र विपद् व्यवस्थापन तथा यसका प्रकारहरू । | विपद्बाट बच्ने पूर्व तयारी र न्यूनीकरणका उपायहरू । | विपद्बाट बच्ने उपायहरू र यसको व्यवस्थापन । |

**७) विषयवस्तुको विस्तृतीकरण** :-

यस विषयमा कक्षागत रूपमा बालवालिकाहरूले गर्ने सिकाइ उपलब्धीलाई प्रस्तुत गरिएको छ । क्षेत्रगत विषयवस्तुको विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

कक्षा : ६

| क्षेत्र | विषयवस्तु | सक्षमता | विषयवस्तुको विस्तृतीकरण | संभावित सिकाइ सहजीकरण क्रियाकलाप | संभावित मूल्याङ्कन प्रक्रिया |
| --- | --- | --- | --- | --- | --- |
| कृषि | • कृषिमा आधुनिकीकरण र बजारीकरण | • कृषिमा आधुनिकीकरण र बजारीकरणको अवधारणा बताउन । | • कृषिमा आधुनिकीकरण र बजारीकरणको अवधारणा ।<br>• आधुनिक उपकरणहरू उन्नत जातका बीउँ वीजनहरू,सिचाई,कृषि मल,<br>उत्पादित वस्तुहरूको सङ्कलन<br>तथा निर्यात केन्दको व्यवस्था । | • विद्यार्थीहरूलाई आधुनिकीकरण र बजारीकरणको विषयमा सोधपुध गर्दै छलफल प्रक्रियाबाट अवधारणा स्पष्ट पारिदिने ।<br>• विद्यार्थीहरूलाई कृषिमा आधुनिक उपकरणहरूको प्रयोगबारेमा छलफल गराउँदै शिक्षक स्वयम्ले तयार पारेको सूची प्रदर्शन गर्ने र आवश्यक परेमा सहजीकरण गर्ने ।<br>• टोल, छिमेकमा लगाउँदै गरेका उन्नत जातका बीउँ वीजनहरूको सम्बन्धमा सोधपुध गर्ने र उन्नत जातका बीउँ | • कृषिमा आधुनिकीकरण र बजारीकरणको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>• कृषिमा प्रयोग हुने आधुनिक उपकरणहरू के के हुन ?<br>• उन्नत जातका बीउँ वीजनहरूको सूची बनाऊ ।<br>• कृषि मल भनेको के हो ?<br>• तिमीले उत्पादन गरेका कृषि उपजलाई कहाँ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | वीजनहरू लगाउन प्रेरित गर्ने ।<br>● सिचाई प्रविधि,आधुनिक कृषिप्रणाली र कृषिमलकोप्रयोगबारेअवगत गराउने ।<br>● उत्पादित कृषि उपजको सङ्कलन तथा निर्यात केन्द्रकाबारेमा प्रस्ट पारिदिने । | सङ्कलन गर्छौ ?<br>● निर्यात भनेको के हो ? |
| | ● रैथाने बाली खेती प्रविधि । | ● रैथाने बालीको सामान्य अवधारणा र विशेषता बताउन । | ● रैथाने बालीको सामान्य परिचय,<br>● बागवानी बालीको परिचय,<br>● रैथाने बालीका विशेषता । | ● विद्यार्थीहरूलाई रैथाने बालीको बारेमा सामान्य छलफल गराउँदै परिचय बताउन लगाउने ।<br>● रैथाने बाली र बागवानी बालीको सामान्य परिचय तथा त्यसका विशेषताहरूको बारेमा बताई दिने । रैथाने बाली र वागवानी बालीको सूची प्रदर्शन गर्ने । विशेषताहरूको तालिका प्रदर्शन गराउने । विद्यार्थीहरू अस्पष्ट भएको ठाउँमा शिक्षकले | ● रैथाने बाली भनेको के हो ?<br>● रैथाने बालीका कुनै चार वटा विशेषताहरू लेख्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आवश्यक सहजीकरण गरी दिने । | |
| हाम्रो संस्कार | • सामाजिक संस्कार तथा आचरण | • सामाजिक संस्कारको परिचय दिन ।<br>• असल आचरणको विकास गर्न । | • सामाजिक संस्कारहरू जस्तैः ठूलालाई सम्मान,आदर र सानालाई माया गर्ने ।<br>• शिष्ट र नम्र बोली, मिठो बोली , आज्ञापालन , अनुशासन, घर आएका पाहुनालाई स्वागत,सत्कार ... आदि । | • विद्यार्थीहरूलाईसामाजिक संस्कारको सम्बन्धमा छलफल गराउँदै परिचय बताई दिने ।<br>• विद्यार्थीहरूलाई आदर,सत्कार किन गरिन्छ ?भन्ने प्रश्न सोध्दै आदर, सत्कार संस्कृति अनुसार फरक फरक हुन्छन् भन्नेबारेमा बताई दिने । | • सामाजिक संस्कार भन्नाले के बुझिन्छ ?<br>• मानिसले असल आचरणको विकास गर्न के गर्नु पर्ला ? |
| सामाजिक समस्या तथा विकृतिहरू | • परम्परागत अन्धविश्वास, कुरीति,लागु पदार्थ र सामाजिक विकृतिहरू | • सामाजिक समस्या तथा विकृतिहरूको सामान्य परिचय दिन । | • सामाजिक समस्याहरू जस्तैःकुरीति ,अन्धविश्वास, जुवा,तास,जाँड,रक्सी सेवन,धुम्रपान,चेलीवेटी बेचविखन, बोक्सी प्रथा,दाइजो प्रथा,छुवाछुत, | • शिक्षकले विद्यार्थीहरूलाई सामाजिक समस्याहरू भनेका के हुन् ? भनी प्रश्न गर्दै सामाजिक समस्याहरू उल्लेखित तालिका प्रर्दशन गर्ने साथै विद्यार्थीहरूलाई उक्त तालिका गहन रूपमा अध्ययन गर्न लगाउने ।<br>• सामाजिक समस्याका | • सामाजिक समस्याहरू के के हुन ?<br>• तपाईको टोल,छिमेकमा हुने सामाजिक विकृतिहरूको सूची बनाउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | देह व्यापार आदि । <br> • सामाजिक विकृतिहरूका कारण हुने समस्याहरू जस्तै : झगडा, काट्मार अशान्ति आदी । | कारण समाजमा के कस्ता विकृतिहरू उत्पन्न हुन्छन् ?भनी छलफल गराउँदै प्रश्न सोध्ने र आवश्यकता अनुसार सहजीकरण गरिदिने । | |
| इतिहास, भूगोल र राजनीति | • कुमाख गाउँपालिकाको इतिहास, भौगोलिक, अवस्थिति, राजनैतिक तथा प्रशासनिक विभाजन | • कुमाख गाउँपालिकाको ऐतिहासिक परिचय, सिमाना र मुख्य नाकाहरू बताउन । | • कुमाख गाउँपालिकाको इतिहास, कुमाख गाउँपालिकाका साविकका गा.वि.स.हरू जस्तै : जिमाली, मर्मपरिकाँडा,स्वीकोट, कालागाउँ र वडागाउँ मिलेर सल्यान जिल्लाको ईलाका नं. ९ हुँदाको इतिहास । <br> • पछि यिनै ५ वटा गा.वि.स. मिलेर कुमाख | • शिक्षकले विद्यार्थीहरूलाई साविकको पाँचवटा गा.वि.स.हरूको नाम सुनेका छौ? भनी प्रश्न सोध्ने र तिनै ५ वटा गा.वि.स.हरू मिलेर कुमाख गाउँपालिका बनेको हो भनी प्रस्ट पारिदिने । <br> • कुमाख गाउँपालिकामा प्रवेश गर्ने नाकाहरू र सिमानाहरू | • कुमाख गाउँपालिकाको नामाकरण कसरी गरिएको हो ? <br> • कुमाख गाउँपालिका कुन कुन गा.वि.स.हरू मिलेर बनेको छ ? <br> • कुमाख गाउँपालिकाका मुख्य नाकाहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गा. पा. बनेपछिको अवस्थाको इतिहास ।<br>● कुमाख गा.पा.भित्र पर्ने सिमानाहरू जस्तै : पूर्वमा दार्मा गाउँपालिका र बागचौर न.पा. , उत्तरमा चौरजहारी न.पा. , पश्चिममा बनगाड कुपिण्डे न.पा. र दक्षिणमा शिद्ध कुमाख गा.पा. र जाजरकोट जिल्लाको भेरी न.पा. ।<br>● मुख्य नाकाहरू जस्तै : पूर्वमा चौरजहारी-थारमारे सडक खण्ड, पश्चिममा सल्ली-रागेचौर सडक | (पूर्व,पश्चिम,उत्तर,दक्षिण) को बारेमा छलफल गराउँदै प्रस्ट पारिदिने र आवश्यकता अनुसार शिक्षकले सहजीकरण गरिदिने । | कुन कुन हुन ?<br>● कुमाख गाउँपालिकाको चारैतिर पर्ने सिमानाहरू कुन कुन हुन ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | खण्ड,उत्तरमा रागेचौर -चौरजहारी सडक,खण्ड,दक्षिणमा ढोरचोर-रागेचौर सडक खण्ड र चाख्लीघाट-कुमाख रारा द्रुतमार्ग । | | |
| हाम्रा सम्पदा | • प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरू | • प्राकृतिक,धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको सामान्य चिनारी दिन । | • प्राकृतिक सम्पदा जस्तै : वन जङ्गल,खोला,नाला । <br>• धार्मिक तथा सांस्कृतिक सम्पदाहरू जस्तैः मठ,मन्दिर,गुम्बा,चैत्य । <br>• लोक प्रचलित बाजाहरू, नृत्यहरू,झाँकी, रोपाई गीत , बनगाडीटप्पा,ठाडी भाका,सैरेली गीत, लहरे, पैसेरी,मयूर नाँच, सोरठी | • शिक्षकले विद्यार्थीहरूलाई प्राकृतिक,धार्मिकर सांस्कृतिक सम्पदाहरूको छुट्टा छुट्टै सूचीकरण तालिका प्रर्दशन गरि दिने र विद्यार्थीलाई उक्त तालिकाबारे छलफल तथा अर्न्तक्रिया गर्न लगाउने । <br>• आवश्यक परेको खण्डमा शिक्षकले सहजीकरण गरिदिने । | • कुमाख गाउँपालिकाभित्र रहेका प्राकृतिक सम्पदाको सूची बनाउनुहोस् । <br>• कुमाख गाउँपालिकाभित्ररहेका धार्मिक सम्पदाहरूको सूची बनाउनुहोस् । कुमाख गाउँपालिकामा नाचिने नाचहरू के के हुन ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नाँच ।<br>● जडीबुटीहरूजस्तैः अमला,हर्रो,बर्रो,दाल चिनी,तितेपाती आदी । | | |
| स्थानीय सरकार | ● स्थानीयसरकार निर्माण संरचना (कार्यपालिका र व्यवस्थापिकाका) कार्यहरू | ● स्थानीय सरकारको अवधारणा र संरचना बताउन । | ● तीन तहको सरकार ( संघ, प्रदेश र स्थानीय ) मध्य तल्लो तहको सरकार जसमा गाउँ कार्यपालिका,गाउँ सभा र वडा कार्यपालिका रहने गरेका । | ● विद्यार्थीहरूलाई स्थानीय सरकारबारेमा सामान्य अवधारणा बताउँदै स्थानीय सरकार तल्लो तहको सरकार हो भनी प्रस्ट पार्ने ।<br>● सरकारका तीन संरचना अर्न्तगत संघ, प्रदेश र स्थानीय सरकार रहेकोमा स्थानीय सरकारका संरचनामा कार्यपालिका, व्यवस्थापिका र वडा | ● स्थानीय सरकार भनेको के हो ?<br>● स्थानीय सरकारको संरचना कस्तो रहेको छ ?<br>● कुमाख गाउँपालिकामा कति वटा वडापालिका रहेका छन ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पालिका रहेका छन् भनी प्रस्ट पारिदिने । | |
| पर्यटन व्यवसाय तथा प्रबर्द्धन | • पर्यटन व्यवसायको अवधारणा र यसको प्रबर्द्धन<br>• प्रमुख पर्यटकीय स्थलहरू | • पर्यटन व्यवसाय तथा प्रबर्द्धनको परिचय र महत्व बताउन । | • पर्यटन व्यवसायको अर्थ र महत्व जस्तै : पर्यटनलाई व्यवस्थित रूपले सञ्चालन , पर्यटकहरूलाई स्वागत , सत्कार,निश्चित गन्तव्यसम्म पुऱ्याउने व्यवस्था,खाना बस्नको उचित बन्दोवस्त ,पथ प्रर्दशकको व्यवस्था ।<br>• प्रबर्द्धन जस्तैः पर्यटकीय स्थलहरू आर्कषक,संरक्षण ,पुर्ननिर्माण,पर्यटन व्यवसाय तथा प्रबर्द्धनको | • विद्यार्थीहरूलाई पर्यटन व्यवसाय तथा प्रबर्द्धको परिचय बताउने र विद्यार्थीहरू स्वयम्लाई पनि परिचय दिन लगाउने ।<br>• पर्यटन व्यवसाय प्रबर्द्धनका लागि गरिने क्रियाकलापहरूको जानकारी गराउने ।<br>• नजिकका कुनै प्रमुख पर्यटकीय स्थलको स्थलगत भ्रमण गराउने ।<br>• शिक्षकले पर्यटन व्यवसायको महत्व सहितको तालिका प्रर्दशन | • पर्यटन व्यवसाय भनेको के हो?<br>• पर्यटन व्यवसायको महत्व दर्शाउनुहोस् ।<br>• पर्यटन व्यवसायलाई प्रबर्द्धन गर्न के के गर्न सकिन्छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | महत्व,स्थानीय ठाउँको चिनारी,आय आर्जन,रोजगारी सिर्जना, पर्यटक र स्थानीय बासिन्दा बीच मैत्री सम्बन्ध कायम आदी । | गरी छलफल गराउने र आवश्यक सहजीकरण गरिदिने । | |
| विपद् व्यवस्थापन | • विपद्को अर्थ,प्रकार व्यवस्थापन र यसबाट बच्ने उपायहरू | • विपदको अर्थ, विपद्व्यवस्थापनकाउपायहरू तथा विपद्का प्रकारहरू बताउन । | • विपद्को अर्थ,प्राकृतिक विपद्बाट उत्पन्न हुने घटनाका कारण मानिसमा देखिने समस्या जस्तैःचोटपटक लाग्नु,मानवीय क्षती ,बाढी पहिरो,चट्याङ,भूक्षय ज्वालामूखी, आँधी,हुरी,डडेलो ।<br>• महामारी जस्तैःकोभिड | • शिक्षकले विपद्को अर्थबारे प्रस्ट पारिदिने ।<br>• विपद् व्यवस्थापनका तरिकाबारे प्रस्ट पारिदिने ।<br>• प्राकृतिक र मानव सिर्जित विपद्हरूको सूची प्रर्दशन गरी छलफल गराउँदै विद्यार्थीहरू स्वयम्लाई सूची बनाउन लगाउने ।<br>• विपद्बाट उत्पन्न हुने घटनाको स्थलगतभ्रमण | • विपद्को अर्थ बताउनुहोस् ।<br>• विपद् व्यवस्थापन गर्न के के गर्नुपर्छ ?<br>• विपद् कति प्रकारका हुन्छन्?<br>• विपद्का प्रकारहरूलाई सूचीकरण गरी प्रस्ट पार्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १९, बर्ड फ्लु, झाडापखाला आदी ।<br>● मानव सिर्जित विपद् जस्तै :सवारी साधन स्कुटर मोटरसाइकल,सार्वजनिक सवारी साधनबाट हुने जोखिम।<br>● धारिलो हतियारको प्रयोग गर्दा हुने जोखिम,विजुलीबाट करेन्ट लाग्नु, आगलागीबाट सिर्जित विपद् ।<br>● विपद् व्यवस्थापन जस्तै : विपद् आइसकेपछि सुरक्षित गन्तव्यतिर | गराई शिक्षकले सहजीकरण गरिदिने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रवेश , राहत तथा उद्धार, वृक्षारोपन , तटबन्ध आदी । | | |

यस विषयमा कक्षागत रूपमा बालवालिकाहरूले गर्ने सिकाइ उपलब्धीलाई प्रस्तुत गरिएको छ । क्षेत्रगत विषयवस्तुको विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

कक्षा : ७

| क्षेत्र | विषयवस्तु | सक्षमता | विषयवस्तुको विस्तृतीकरण | संभावित सिकाइ सहजीकरण क्रियाकलाप | संभावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| कृषि | • कृषिमा आधुनिकीकरण र बजारीकरण | • कृषिमा आधुनिकीकरण र बजारीकरण गर्ने तरीकाहरू बताउन । | • कृषिमा आधुनिकीकरण र बजारीकरण गर्ने तरीकाहरू जस्तै: आधुनिकीकरणको प्रयोग, उन्नत जातका बीउँ,वीजनको प्रयोग,आधुनिक कृषि सिचाईको प्रयोग,उत्पादित वस्तुहरूको सङ्कलन, भण्डारण, सङ्कलन केन्द्रको निर्माण ।<br>• सङ्कलित वस्तुलाई बजारसम्म निर्यात गरी सम्पर्क र समन्वय कायम। | • विद्यार्थीहरूलाई कृषिमा आधुनिकीकरण र बजारीकरणका तरीकाहरू बारेमा छलफल गराउँदै आधुनिक उपकरणको प्रयोग गर्न जोड दिने ।<br>• उन्नत जातका बीउँ वीजनहरूको सूची बनाउन लगाउने आवश्यकताअनुसार शिक्षकले सहजीकरण गरीदिने ।<br>• आधुनिक सिचाईप्रविधि बारेमा छलफल गराउने ।<br>• कृषि मलको प्रयोगले | • आधुनिक उपकरणको प्रयोग कसरी गर्न सकिन्छ ?<br>• उन्नत जातका बीउँ,वीजनबाट हुने फाइदाहरू लेख्नुहोस् ।<br>• उत्पादित कृषि उपजलाई कहाँ सङ्कलन गर्न सकिन्छ ?<br>• उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन के गर्न सकिन्छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बाली,बिरुवामा हुने फाइदाबारे छलफल गराउने ।<br>• उत्पादित कृषि उपजलाई सङ्कलन,भण्डारण र निर्यातको लागि सर्म्पक र समन्वय गर्ने तरीकाबारे छलफल गराउँदै प्रस्ट पारिदिने । | |
| | • रैथाने बाली खेती प्रविधि । | • केही रैथाने बालीको परिचय, महत्व र चुनौतीहरूको बारेमा बताउन । | • रैथाने बाली जौं, कोदो, फापर, कागुनो र लट्टेको परिचय, महत्व र चुनौतीहरू । | • विद्यार्थीहरूलाई महत्वपूर्ण रैथाने बालीको सामान्य परिचय दिँदै हाम्रो छरछिमेकमा ती रैथाने बालीहरूको महत्वका बारेमा बताई दिने । रैथाने बालीहरूको परिचय तालिका र महत्वको सूची प्रदर्शन गर्दै विद्यार्थीको ध्यान | • कोदोको सामान्य परिचय दिनुहोस् ।<br>• कुमाख गा.पा. मा उत्पादन हुने रैथाने बालीको महत्व र त्यसको खेती गर्दाका चुनौतीहरू लेख्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | केन्द्रित गर्ने । यदि विद्यार्थीहरू प्रष्ट हुन नसकेको खण्डमा आवश्यकता अनुसार प्रष्ट पारी दिने साथै रैथाने बालीका चुनौतीका बारेमा शिक्षकले सामान्य छलफल गर्दै चुनौतीहरूको सूची प्रदर्शन गर्ने । ती चुनौतीहरूलाई समाधान गर्न विभिन्न विकल्पहरू प्रस्तुत गर्ने । | |
| हाम्रो संस्कार | • सामाजिक संस्कार तथा आचरण | • हाम्रो समुदायमा प्रचलित संस्कारको परिपालना गर्न ।<br>• सकारात्मक सोचको विकास गर्न । | • सामाजिक संस्कारहरूलाई घर, समुदाय र विद्यालयमा पालना ।<br>• सकारात्मक सोच जस्तै:राम्रा कुराहरू अनुसरण र नराम्रा कुराहरू परित्याग । | • विद्यार्थीहरूलाई सामाजिक संस्कार घर,समुदाय र विद्यालयमा परिपालना कसरी गरिन्छ? भनी प्रश्न गर्दै आवश्यकता अनुसार सहजीकरण गरिदिने ।<br>• सकारात्मक सोचको सामान्य जानकारी गराउँदै राम्रा | • सकारात्मक सोच भनेको के हो ?<br>• असल र खराव आचरण के के हुन ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कुराहरूलाई व्यक्तिगत जीवनमा सधैं अनुसरण गर्नुपर्छ भने नराम्रा कुराहरूलाई हटाउँदै जानुपर्छ भनी प्रस्ट पारिदिने । | |
| सामाजिक समस्या तथा विकृतिहरू | • परम्परागत अन्धविश्वास, कुरीति, लागुपदार्थ र सामाजिक विकृतिहरू | • सामाजिक समस्या र विकृतिहरूले समाजमा पार्ने असर बताउन । | • सामाजिक समस्या तथा विकृतिहरूले समाजमा पार्ने असरहरू जस्तैः झैं झगडा,अशान्ति,आपसी मनमुटाव, धन पैसाको नोक्सानी,स्वास्थ्यमा प्रतिकूल असर,सन्ततिहरू कुलततिर लाग्नु, श्रीमान्,श्रीमतीका बीचमा सम्बन्ध विच्छेद जस्ता घटना घट्नु, बालविवाह,बहुविवाहका घटनाहरू घट्नु आदी । | • शिक्षकले विद्यार्थीहरूलाई सामाजिक समस्याहरू के के हुन ? सामाजिक समस्याले समाजमा कस्तो असर गर्छ ? भनी प्रश्न सोध्ने, छलफल गराउने ।<br>• सामाजिक समस्याका कारण देखा पर्ने विकृतिहरूको चार्ट | • सामाजिक समस्याका कारण उत्पन्न हुने विकृतिहरू के के हुन ?<br>• सामाजिक समस्याले के कस्तो असर पार्दछ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रर्दशन गर्ने र आवश्यकता अनुसार शिक्षकले सहजीकरण गरि दिने । | |
| इतिहास,भूगोल र राजनीति | • कुमाख गाउँपालिकाको इतिहास,भौगोलिक अवस्थिति,राजनैतिक तथा प्रशासनिक विभाजन | • कुमाख गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विभाजनको सामान्य अवधारण बताउन। | • कुमाख गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विभाजन जस्तै : कुमाख गा. पा.का वडा संख्या७ वटा , गाउँपालिकाको केन्द्र, वडा पालिकाको केन्द्रहरू,वडाको नामाकरण। | • शिक्षकले विद्यार्थीहरूलाई कुमाख गाउँपालिका सातवटा वडा मिलेर.बनेको छ।<br>• कुमाख गा. पा. को केन्द्र रागेचौर हो भनी प्रस्ट पार्ने ।<br>• विद्यार्थीहरूलाई तिमी कति नं. वडामा बस्छौ ?तिम्रो वडाको नाम के हो?प्रत्येक वडाको नाम र वडा पालिका कहाँ रहेको छ? जस्ता | • कुमाख गाउँपालिका कति वडा मिलेर बनेको छ ?<br>• कुमाख गाउँपालिकाको केन्द्र कहाँ छ ?<br>• कुमाख गाउँपालिका साविकका कुन कुन गा.वि.स.हरू मिलेर बनेको छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रश्न सोधेर वडा पालिकाबारेमा बताउन लगाउने आवश्यकताअनुसार सहजीकरण गरिदिने । | |
| हाम्रा सम्पदा | • प्राकृतिक,धार्मिक तथा सांस्कृतिक सम्पदाहरू | • प्राकृतिक, धार्मिक तथा सांस्कृतिकसम्पदाहरूको महत्व बताउन । | • प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको महत्व जस्तै : स्थानीय क्षेत्रको पहिचान,वातावरण सुन्दर,शान्त, हराभरायुक्त, पर्यटन स्थल निर्माण, सिचाईसुविधाउपलब्ध,धार्मिक आस्था, सामाजिक मेलमिलाप कायम ।<br>• पौराणिक लोक नृत्य र बाजागाजाहरूको संरक्षण,सहिद गेट, स्मारक, परम्परागत कला तथा | • विद्यार्थीहरूलाई प्राकृतिक,धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको महत्वबारे प्रश्न सोध्दै तालिका प्रर्दशन गरी छलफल गराउने ।<br>• विद्यार्थीहरूले देखेका प्राकृतिक,धार्मिक र सांस्कृतिक स्थलहरूको सूची बनाउन लगाउने ।<br>• कुमाख | • कुमाख गाउँ पालिकाभित्र रहेका महत्वपूर्ण प्राकृतिक सम्पदाहरू के के हुन ?<br>• कुमाख गाउँ पालिकाभित्र रहेका सांस्कृतिक सम्पदाहरूको महत्व उल्लेख गर्नुहोस् ?<br>• कुमाख |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | संस्कृतिहरूको पुस्तान्तरण आय, आर्जन, रोजगारी अवसर आदी । | गाउँपालिकाभित्र रहेका महत्वपूर्ण प्राकृतिक, धार्मिक तथा सांस्कृतिक स्थलहरू समावेश भएको तालिका प्रर्दशन गरी गहन अध्ययन गर्न लगाउने ।<br>● शिक्षकले आवश्यकता अनुसार सहजीकरण गर्दै जाने । | गाउँपालिकाको पवित्र धार्भिक स्थल कुमाख लेकको महत्व बारेमा उल्लेख गर्नुहोस् । |
| स्थानीय सरकार | स्थानीय सरकार निर्माण,संरचना( कार्यपालिका र व्यवस्थापिकाका कार्यहरू ) | ● गाउँ कार्यपालिका, गाउँ सभा ( व्यवस्थापिका) को अवधारणा र संरचना बताउन । | ● गाउँकार्यपालिका : कार्यकारिणी प्रमुख ,उपप्रमुख , विषयगत समिति संयोजक , सदस्यहरू ( सबै वडा अध्यक्षहरू ) मनोनित सदस्यहरू ।<br>● गाउँ सभा ( व्यवस्थापिका ) | ● गाउँ कार्यपालिकाको परिभाषा दिदैं गाउँकार्यपालिकाको संरचना सहितको चार्ट प्रर्दशन गरी उक्त तालिकाबारेमा छलफल गराई स्पष्ट | ● गाउँ कार्यपालिका भनेको के हो ?<br>● गाउँकार्यपालिकाको संरचना चार्ट तयार पार्नुहोस् ।<br>● व्यवस्थापिका भनेको के हो ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन,नीति,नियम, योजना तर्जुमा , अनुगमण, नियमण ।<br>● गाउँ सभा संरचना : पालिका प्रमुख संयोजक,उपप्रमुख लगायत कार्यपालिका सदस्यहरू, सबै वडाका वडा सदस्यहरू । | पारिदिने ।<br>● शिक्षकले गाउँ सभाको अवधारणाबारे प्रस्ट बनाउँदै गाउँ सभा संरचना चार्ट प्रर्दशन गरी छलफल गराउने र आवस्यकता अनुसार सहजीकरण गर्दै जाने । | ● व्यवस्थापिकाको संरचना चार्ट तयार पार्नुहोस् । |
| पर्यटन व्यवसाय तथा प्रबर्द्धन | ● पर्यटन व्यवसायको अवधारणा र प्रबर्द्धन<br>प्रमुख पर्यटकीय स्थलहरू । | ● कुमाख गाउँ पालिकाका प्रमुख पर्यटकीय स्थलहरूको सामान्य चिनारी दिन । | ● कुमाख गाउँ पालिकाका प्रमुख पर्यटकीय स्थलहरू जस्तै : सिद्ध कुमाख मन्दिर, ,नाउँला राजदरवार वडागाउँ, वडागाउँ देवी दर्का मन्दिर, कालागाउँ कोट भगवती मन्दिर,सिद्ध गुफा थदरा, सहिद गेट थदरा, त्रिवेणी | ● विद्यार्थीहरूलाई कुमाख गाउँ पालिकाभित्रका प्रमुख पर्यटकीय स्थलहरू के के हुन ?भनी प्रश्न सोध्दै छलफल गराउने ।<br>● पोष्टरहरू प्रर्दशन | ● कुमाख गाउँ पालिकाका प्रमुख पर्यटकीय स्थलहरू के के हुन ?<br>● प्रसिद्ध कुमाख मेलाको बारेमा चर्चा गर्नुहोस् ।<br>● पर्यटकीय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जागेश्वर मन्दिर , सहिद पार्क चिसापानी,चमेरे गुफा स्वीकोट,कालरात्री मन्दिर मर्मकोट, प्रसिद्ध कुमाख मेला । | गरी छलफल गराउने ।<br>● शिक्षकले विद्यार्थीहरूलाई पर्यटकीय स्थलको स्थलगत भ्रमण गराउनुका साथै आवश्यकता अनुसार सहजीकरण गरि दिने । | स्थलहरूको महत्व के छ ? |
| विपद् व्यवस्थापन | ● विपद्कोअर्थ,प्रकार, व्यवस्थापन र यसबाट बच्ने उपायहरू | ● विपद्बाट बच्ने पूर्वतयारी र न्यूनीकरणका उपायहरू बताउन । | ● विपद्बाट बच्न पूर्व तयारी जस्तै :जानकारीमूलक कार्यक्रम, विज्ञापन, सूचना पोष्टर,खाना तथा सामग्रीहरूको तयारी।<br>● विपद्बाट बच्न सुरक्षाका क्षेत्रहरू पहिचान,विपद् निम्त्याउँने क्षेत्रहरू पहिचान,विपद् उत्पन्न हुन सक्ने क्षेत्रको संकेत आदी ।<br>● विपद् न्यूनीकरणका उपायहरू जस्तैः | ● शिक्षकले विद्यार्थीहरूलाई विपद् पूर्व तयारीका सूचीहरू प्रर्दशन गरी आवश्यक छलफल गराउने<br>● विपद् न्यूनीकरणका उपायहरूको सूची प्रर्दशन गरि दिने । | ● विपद्बाट बच्न के कस्ता पूर्व तयारी गर्न सकिन्छ ?<br>● विपद् न्यूनीकरणका उपायहरू के के हुन ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जनचेतनामूलक कार्यक्रमहरू जोखिमयुक्त क्षेत्र निर्धारण,पर्चा,पम्पलेट,विज्ञापन, अभिमुखिकरण तालिम,सडक नाटक ... आदी । | • सूचीबारे छलफल गराउने ।<br>विपद्बाट बच्ने उपायहरूको नमूना अभ्यास गराउने र शिक्षकले आवश्यकता अनुसार सहजीकरण गरिदिने । | |

यस विषयमा कक्षागत रूपमा बालवालिकाहरूले गर्ने सिकाइ उपलब्धीलाई प्रस्तुत गरिएको छ । क्षेत्रगत विषयवस्तुको विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

कक्षा : ८

| | विषयवस्तु | सक्षमता | विषयवस्तुको विस्तृतीकरण | संभावित सिकाइ सहजीकरण क्रियाकलाप | संभावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|---|
| कृषि | • कृषिमा आधुनिकीकरण र बजारीकरण | • कृषिमा आधुनिकीकरण र बजारीकरणबाट हुने फाइदा | • कृषिमा आधुनिकीकरण र बजारीकरणबाट हुने फाइदाहरू<br>जस्तै : आय आर्जनमा | • विद्यार्थीहरूलाई कृषिमा आधुनिकीकरण ,बजारीकरणबाट हुने फाइदाहरूबारे छलफल गराउँदै सूची प्रर्दशन गर्ने साथै | • कृषिमा आधुनिकीकरण र बजारीकरणबाट हुने फाइदाहरू उल्लेख गर्नृहोस् |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बताउन । | वृद्धि,परम्परागत कृषि प्रणालीभन्दा आधुनिक कृषि प्रणालीबाट कृषि उत्पादनमा वृद्धि, रोजगारीका अवसर प्राप्त हुने, समयको बचत हुने,स्वच्छ र ताजा खानेकुरा प्राप्त,स्वास्थ्यमा तन्दुरुस्ती, थोरै जग्गामा धेरै उत्पादन ।<br>● थोरै श्रमबाट धेरै उत्पादन, आत्मनिर्भरका अवसर आदी । | उक्त तालिका अध्ययन गर्न लगाउने ।<br>● कृषिमा आधुनिकीकरण र बजारीकरणले रोजगारीका अवसर,समयको बचत,उत्पादनमा वृद्धि, थोरै लगानीमाधेरै प्रतिफल प्राप्त हुन्छ भन्नेबारे प्रस्टपार्ने र आवश्यकताअनुसार शिक्षकलेसहजीकरण गर्दै जाने । | ।<br>● कृषिमा आधुनिकीकरण र बजारीकरणबाट मानव स्वास्थ्यमा पार्ने सकारात्मक प्रभावहरू के हुन ?<br>● कृषिलाई कसरी व्यावसायिक रूपमा विकास गर्न सकिन्छ ? |
| | ● रैथाने बाली खेती प्रविधि । | ● केही रैथाने बालीको पौष्टिक महत्व वताउन । केही रैथाने बालीको खेती प्रविधिको बारेमा | ● रैथाने बाली जौँ, कोदो, फापर, कागुनो र लट्टेको पौष्टिक महत्व र खेती प्रविधि । | ● विद्यार्थीहरूलाई रैथाने बालीहरू जौँ, कोदो, फापर, कागुनो र लट्टेको परिचय तालिका प्रदर्शन गर्दै खेती गर्ने प्रविधिका बारेमा जानकारी गराउने । ती रैथाने बालीको पौष्टिक महत्वको | ● रैथाने बाली जौँ को पौष्टिक महत्व लेख्नुहोस् ।<br>● कोदो खेती कसरी गरिन्छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बताउन । | | बारेमा सामान्य जानकारी गराउँदै पौष्टिक महत्व सहितको सूची कक्षा कोठामा प्रदर्शन गरी दिने । तिनीहरूको बारेमा सामान्य छलफल गर्न लगाउने । यदि विद्यार्थीहरू प्रष्ट हुन नसकेको खण्डमा शिक्षक स्वयम्ले आवश्यकता अनुसार सहजीकरण गरी दिने । | • फापरको खेती कस्तो स्थानमा गरिन्छ ?<br>• कागुनो खेती प्रविधिका बारेमा लेख्नुहोस् । |
| हाम्रो संस्कार | • सामाजिक संस्कार तथा आचरण | • हाम्रो समुदायमा रहेका असल संस्कारका फाइदाहरू बताउन ।<br>• असलसंस्कारले समुदायमा पार्ने प्रभावबारे बताउन । | • असल संस्कारबाट हुने फाइदाहरू जस्तै : एक आपसमा सामाजिक सद्भाव कायम,मेलमिलाप,सहयोग, सहकार्यको भावना विकास, समाजमा शान्ति, अमन चयन कायम,सभ्य समाजको निर्माण आदि । | • विद्याथीहरूलाईसमुदायका सामाजिक संस्कार तथा असल आचरणबारे छलफल गराउँदै शिक्षक स्वयम्ले तयार पारेको सूची प्रर्दन गर्ने ।<br>• असल संस्कार तथा आचरणले समाजमा पार्ने सकारात्मक प्रभावबारे छलफल गराउँदै प्रस्ट पार्दै जाने र शिक्षकले | • सामाजिक संस्कार भनेको के हो?<br>• असल आचरणहरू के के हुन ?<br>• समाजमा असल आचरणको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आवश्यक सहजीकरण गरिदिने । | परिपालना गर्नाले के कस्ता फाइदाहरू हुन सक्छन ? |
| सामाजिक समस्या तथा विकृतिहरू | • परम्परागत अन्धविश्वास, कुरीति ,लागुपदार्थ र सामाजिक विकृतिहरू | • समाजिक समस्या तथा विकृतिहरूको समाधानका उपायहरू बताउन । | • सामाजिक समस्याहरू तथा विकृतिहरूको समाधानका उपायहरू जस्तै :जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन,सडक नाटक प्रर्दशन सूचना पाटी,घरदैलो कार्यक्रम सञ्चालन,प्रशिक्षण, गोष्ठी,सेमिनार आदि । | • विद्यार्थीहरूलाई सामाजिक समस्याहरू के के हुन ? सामाजिक समस्याका कारण उत्पन्न हुने विकृतिहरू के के? हुन भनी प्रश्न गर्दै छलफल गराउने र समाधानका उपायहरूको सूची प्रर्दशन गरी सहजीकरण गरिदिने । | • सामाजिक समस्याहरू समाधान गर्न के गर्नुपर्ला ?<br>• सामाजिक समस्याका कारण उत्पन्न हुने विकृतिहरू के के हुन ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • सामाजिक समस्याका कारण उत्पन्न हुने विकृतिहरूलाई कसरी समाधान गर्न सकिन्छ ? |
| इतिहास, भूगोल र राजनीति | • कुमाख गाउँपालिकाको इतिहास,भौगोलिक अवस्थिति, राजनैतिक तथा प्रशासनिक विभाजन | • कुमाख गाउँपालिकाको नक्साङ्कन गर्न ।<br>• कुमाख गाउँपालिकाको क्षेत्रफल बताउन । | • कुमाख गाउँपालिकाको नक्सा,नक्सामा सात वटा वडाको संकेत, नक्सामा महत्वपूर्ण स्थानहरूको संकेत ।<br>• कुमाख गाउँपालिकाको क्षेत्रफल,<br>कुमाख गाउँपालिकाका ७ वटा वडाहरूको वडा सिमाना । | • विद्यार्थीहरूलाई कुमाख गाउँपालिकाको केन्द्र कुन ठाउँमा रहेको छ ? कुमाख गाउँपालिकाभित्र जम्मा कति वटा वडा रहेका छन्? यसको क्षेत्रफल कति छ? भनी प्रश्न सोध्दै छलफल गराउने ।<br>• कुमाख गाउँपालिकाको नक्सा प्रर्दशन गरी छलफल गराउने । | • कुमाख गाउँपालिकाको केन्द्र कहाँ रहेको छ ?<br>• कुमाख गाउँपालिकामा कति वटा वडा रहेका छन ?वडाको नाम सहित लेख्नुहोस् ।<br>• तपाई आफू |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | • विद्यार्थीहरूलाई आफू बसेको वडाको वडा सिमानाहरू र वडा पालिका रहेको केन्द्रबारेमा समेत स्पष्ट पारि दिने ।<br>• कुमाख गाउँपालिकाका महत्वपूर्ण स्थानहरू नक्सामा संकेत गर्न र चिनाउन शिक्षकले सहजीकरण गरिदिने । | रहेको वडा पालिकाको नाम र गाउँपालिका रहेको केन्दको नक्सा बनाई चिनाउनुहोस् । |
| हाम्रा सम्पदा | • प्राकृतिक,धार्मिक तथा सांस्कृतिक सम्पदाहरू | • प्राकृकि,धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धनका उपायहरू बताउन । | • कुमाख गाउँपालिकाभित्र रहेका प्राकृतिक,धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धनका उपायहरू जस्तै : जनचेतनामूलक कार्यक्रम,घरदैलो अभियान,पर्चा,पोष्टरहरू विभिन्न माध्यमद्वारा विज्ञापन,पुर्ननिर्माण, | • विद्यार्थीहरूलाई प्राकृतिक,धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धनका उपायहरू के के हुन ?भनी प्रश्न सोध्दै छलफल गराउने ।<br>• उक्त सम्पदाको संरक्षण र सम्बर्द्धनका उपायहरू झल्किने तालिका प्रर्दशन गराई गहन अध्ययन गराउने साथै शिक्षकले आवश्यकता अनुसार सहजीकरण | • प्राकृतिक,धार्मिक र सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धनका उपायहरू उल्लेख गर्नुहोस् ।<br>• लोक गीत र लोक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | घेराबार,प्रशिक्षण कार्यक्रम,संरक्षण समिति निर्माण,लेख रचना प्रकाशन ,<br>● लोक बाजाहरू संरक्षण,लोक नृत्यहरूको पुस्तान्तरण , श्रव्य,दृश्य सामग्री तयारी,अभिलेख /अभिनय रेकर्ड आदी । | गर्दै जाने । | नृत्यहरूलाई कसरी संरक्षण गर्न सकिन्छ ?<br>● कुमाखका प्रसिद्ध धार्मिक स्थलहरू के के हुन ? यिनीहरूको महत्व उल्लेख गर्नुहोस् । |
| स्थानीय सरकार | ● स्थानीय सरकार निर्माण संरचना कार्यपालिका र व्यवस्थापिकाका कार्यहरू | ● स्थानीय सरकार अर्न्तगत कार्यपालिका र व्यवस्थापिकाका काम,कर्तव्य र अधिकार बताउन | ● गाउँकार्यपालिकाका काम कर्तव्य र अधिकार नेपालको संविधान २०७२ को अनुसूची ८ मा भएका अधिकारहरू जस्तै : आधारभूत स्वास्थ्य, स्थानीय बजार व्यवस्थापन | ● विद्यार्थीहरूलाई गाउँ कार्यपालिकाका काम,कर्तव्य र अधिकारहरूको सूची प्रर्दशन गराउँदै उक्त सूचीबारे छलफल गराउने ।<br>● साथै गाउँ सभा ( व्यवस्थापिका) | ● गाउँ कार्यपालिकाका काम,कर्तव्य र अधिकारहरूको सूची बनाउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | । | आदि । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएका शिक्षा सम्बन्धी अधिकारहरू।<br>● व्यवस्थापिकाका कार्यहरू : नेपालको संविधान अर्न्तगत अनुसूची ८ र ९ बमोजिमको सूचीमा उल्लेखित विषयमा आवश्यक कानुन बनाउन सक्ने र सो कानुन बनाउने प्रक्रिया प्रदेश कानुन बमोजिम हुने । | का काम,कर्तव्य र अधिकारको सूची प्रर्दशन गराउँदै उक्त सूचीबारे छलफल गराउने ।<br>● शिक्षकले गहन अध्ययन गर्न लगाउँदै प्रश्न सोध्दै छलफल गराउने र आवश्यक सहजीकरण प्रक्रिया अवलम्बन गरिदिने । | ● गाउँ सभा ( व्यवस्थापिका) का काम,कर्तव्य र अधिकारहरूको सूची तयार गर्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| पर्यटन व्यवसाय तथा प्रबर्द्धन | • पर्यटन व्यवसायको अवधारणा र प्रबर्द्धन<br>प्रमुख पर्यटकीय स्थलहरू | • कुमाख गाउँपालिका भित्रका प्रमुख पर्यटकीय स्थलहरूको संरक्षण,सम्बर्द्धन र प्रबर्द्धनका उपायहरू बताउन । | • कुमाख गाउँपालिकाभित्रका प्रमुख पर्यटकीय स्थलहरूको संरक्षण,सम्बर्द्धन र प्रबर्द्धनका उपायहरू जस्तै :पर्यटकीय स्थलहरूको घेराबार,मर्मत संभार ,नयाँ निर्माण पुर्ननिर्माण आधुनिकीकरण,सजावट गर्ने ।<br>• विज्ञापन, प्रचार प्रसार,संरक्षण समिति निर्माण , बजारीकरण ।<br>होमस्टे व्यवस्था। | • विद्यार्थीहरूलाई कुमाखका गाउँपालिकाभित्रका प्रमुख पर्यटकीय स्थलहरूको संरक्षण,सम्बर्द्धन र प्रबर्द्धन कसरी गर्न सकिन्छ ? भनी प्रश्न सोध्दै छलफल गराउने ।<br>• तालिका प्रर्दशन गरी गहन अध्ययन गराउने र शिक्षकले आवश्यकता अनुसार सहजीकरण गरिदिने । | • कुमाख गाउँपालिकाका प्रमुख पर्यटकीय स्थलहरू के के हुन ?<br>• पर्यटकीय स्थलहरूलाई संरक्षण गर्न के गर्न सकिन्छ?<br>• पर्यटकीय स्थलहरूको प्रबर्द्धन गर्न के के गर्नुपर्छ ? |
| विपद् व्यवस्थापन | • विपदको अर्थ, प्रकार व्यवस्थापन र | • विपदबाट बच्ने उपायहरू र यसको | • विपद्बाट बच्ने उपायहरू जस्तै :जानकारीमूलक चेतना दिने,पर्चा,पप्पलेट,पोष्टर,सूचना वोर्ड, पत्रपत्रिका प्रकाशन,सडक | विद्यार्थीहरूलाई विपद्बाट बच्ने उपायहरू के के हुन ? भनी प्रश्न सोध्दै तालिका प्रर्दशन गरी छलफल | • विपद्बाट बच्ने उपायहरू के के हुन ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | यसबाट बच्ने उपायहरू | व्यवस्थापन बताउन । | नाटक सञ्चालन,घरदैलो अभियान ।<br>• तटबन्ध निर्माण,वृक्षारोपन,जोखिम क्षेत्र पहिचान,विपद् निम्तिन सक्ने क्षेत्रहरूको पहिचान ,दुर्घटना हुन सक्ने क्षेत्र संकेत ।<br>• विपद् व्यवस्थापनका उपायहरू जस्तै : विपद्बाट बच्न पूर्व तयारी गर्ने । विपद्बाट सिर्जना हुने समस्याबाट बच्ने उपायहरू जस्तै : उद्धार तथा राहत वितरण कार्यक्रम,परामर्श, अन्तर्क्रिया रछलफल,पुर्ननिर्माण, घर वासकोव्यवस्था, परिवारको पुर्नमिलन,रोजगारीको सिर्जना, सिपयुक्त तालिम, व्यवस्थापन,पुर्ननिर्माण कार्यक्रम सञ्चालन ... आदी । | गराउने । विपद्बाट बच्ने उपायहरूको सूची बनाउन लगाउने । विपद्बाट बच्ने उपायहरूको नमूना अभ्यास गराउने । विपद् व्यवस्थापनको उपायहरूको तालिका प्रर्दशन गरी गहन अध्ययन गर्न लगाउने । शिक्षकले आवश्यकता अनुसार सहजीकरण गरीदिने । | • विपद्को व्यवस्थापन कसरी गर्न सकिन्छ ?<br>• विपद् न्यूनीकरणका उपायहरू सूचीकरण गर्नुहोस् । |

८) स्थानीय पाठ्यक्रमको वार्षिक पाठ्यघण्टा(credit hour)र कार्यघण्टा (working hour) विभाजन तालिका :

| क्र.सं | क्षेत्र एकाइ | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|
| | | वषिक पाठ्य घण्टा | वार्षिक कार्य घण्टा | पाठ्य घण्टा | वार्षिक कार्य घण्टा | पाठ्यघण्टा | वार्षिक कार्य घण्टा |
| १. | कृषि | | २० | | २० | | २० |
| २ | हाम्रो संस्कार | | ८ | | ८ | | ८ |
| ३. | सामाजिक समस्याहरू तथा विकृतिहरू | | १३ | | १३ | | १३ |
| ४. | इतिहास,भूगोल र राजनीति | | २० | | २० | | २० |
| ५. | हाम्रा सम्पदा | | १८ | | १८ | | १८ |
| ६. | स्थानीय सरकार | | १६ | | १६ | | १६ |
| ७. | पर्यटन व्यवसाय तथा प्रबर्द्धन | | १८ | | १८ | | १८ |
| ८. | विपद् व्यवस्थापन | | १५ | | १५ | | १५ |
| | | ४ | १२८ | ४ | १२८ | ४ | १२८ |

## ९) सिकाइ सहजीकरण प्रक्रिया :

यस पाठलाई विद्यालयमा विद्यार्थी बीचप्रभावकारी सहजीकरण गर्न देहायका शिक्षण विधिहरू सान्दर्भिक हुनेछन् :

क) छलफल विधि

ख) प्रश्नोत्तर विधि

ग) अवलोकन विधि

घ) क्षेत्र भ्रमण विधि

ङ) प्रर्दशन विधि
च) खेल विधि
छ) खोज विधि
ज) समस्या समाधान विधि
झ) परियोजना विधि
ञ) अभ्यासविधि

**१०) विद्यार्थी मूल्याङ्कन :**

(क) आन्तरिक मूल्याङ्कन : आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले व्यक्तिगत सिकाइ उपलब्धीका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नु पर्दछ। गृहकार्य,कक्षा कार्य, प्रयोगात्मक तथा परियोजना कार्य,सामुदायिक कार्य,अतिरिक्त क्रियाकलाप,एकाई परीक्षा,मासिक तथा त्रैमासिक परीक्षा जस्ता साधनहरूको प्रयोग गर्ने ।

(ख) निर्णयात्मक मूल्याङ्कन : आन्तरिक मूल्याङ्कनबाट प्राप्त नतीजाका आधारमा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतीजाको ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नु पर्दछ।
साथै आवश्यताअनुसार राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले सिफारिस गरेका मूल्याङ्कन पद्धतिलाई अनुसरण गरिनेछ ।

***११) पाठ्यक्रम कार्यान्वयनको प्रक्रिया*:**

यस पाठ्यक्रमको कार्यान्वयन गर्न कुमाख गाउँ पालिका अर्न्तगतका सम्पूर्ण विद्यालयहरू र सम्बन्धित विद्यालयका शिक्षकको महत्वपूर्ण भूमिका हुनेछ । कुमाख गाउँ पालिकाबाट अनुगमन तथा क्षमता विकासको क्षेत्रमा शिक्षा यूवा तथा खेलकुद विकास शाखाबाट समन्वय तथा सहकार्यको क्षेत्रमा भूमिका निर्वाह हुनेछ । विद्यार्थीहरूलाई स्थलगत भ्रमण गराई स्थानीय वातावरणको अवलोकन गराइने छ । कुमाख गाउँपालिकाको समुदाय, शिक्षक बुद्धिजिवी, समाजसेवी एवम् सम्बन्धित विषय क्षेत्रमा जानकार व्यक्तिहरू स्रोत व्यक्तिको रूपमा रहनेछन् । विषय क्षेत्रमा निर्दिष्ट गरिएका स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित क्रियाकलाप गराई विद्यार्थीमा सिर्जनात्मक सीपको विकास गरिनेछ । पाठ्यक्रम परिमार्जन, अद्यावधिक कार्यका लागि पाठ्यक्रम, पाठ्यपुस्तक समन्वय समिति जस्ता संयन्त्र खडा गर्ने व्यवस्था गरिनेछ ।

**१२) समय निर्धारण :**

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले कक्षा १ देखि कक्षा ३ सम्मको मातृभाषा सीप स्थानीय विषयवस्तु सम्बन्धित क्रियाकलापका लागि पाठ्य घण्टा ५ र वार्षिक कार्य घण्टा १६० छुट्याएको छ। कक्षा ४- ५ को पाठ्य घण्टा ४ र वार्षिक कार्य घण्टा १२८ रहेको छ भने कक्षा ६-८ को पाठ्य घण्टा ४ र वार्षिक कार्य घण्टा १२८रहेको छ।
- पठनपाठन संञ्चालनका लागि खर्च भएको ३२ घण्टाको समयावधीलाई एक पाठ्य घण्टा मानिनेछ।
- सामान्यतया प्रतिदिन प्रति विषय एक घण्टाको एक पिरियड हुने छ। तर तोकिएको पाठ्य घण्टा नघट्ने गरी विद्यालयले विषयको आवश्यकता अनुसार साप्ताहिक कार्य तालिकाको समयावधी निर्धारण गरी कक्षा सञ्चालन गर्नु पर्नेछ।
- विद्यालय शिक्षाको सबै कक्षाका लागि एक शैक्षिक वर्षमा कम्तिमा २०५ दिन पठन पाठन सञ्चालन हुनेछ।
- प्रत्येक शैक्षिक सत्र वैशाखदेखि सुरु भएर चैत मसान्तसम्म कायम रहने व्यवस्था शिक्षा नियमावली २०५९ मा उल्लेख भएको छ।

**१४) पाठ्यक्रम परिमार्जन :**

समयको परिवर्तन वा सामाजिक परिवर्तन सँगसँगै सामाजिक इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि बढ्ने छन्। ती आवश्यकताहरू शैक्षिक पाठ्यांशमा समावेश गरी विद्यार्थीहरूको ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउँन समय सापेक्ष यो पाठ्यक्रम पनि परिमार्जन हुनेछ। कुमाख गाउँ पालिका क्षेत्रभित्र रहेका सबै विषयवस्तुको गहिरो खोज अनुसन्धानबाट अध्ययन गरिनेछ र प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिनेछ ।